# भाग २

## नेपाल सरकार

## कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालय

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम व्यवस्थापिका संसदको हेसियतमा संविधान सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## संवत् २०७० सालको ऐन नं. ९

## संविधान सभा सदस्यको निर्वाचनको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : सार्वभौमसत्ता र राजकीयसत्ता सम्पन्न नेपाली जनताले आफ्नो लागि आफैंले नयाँ संविधानको निर्माण गर्ने प्रयोजनका लागि संविधान सभाको गठन गर्न संविधान सभा सदस्यको निर्वाचन तथा निर्वाचन प्रणाली र निर्वाचन प्रक्रियाका सम्बन्धमा कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकाले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका-संसदको हैसियतमा संविधान सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "संविधान सभा सदस्य निर्वाचन ऐन, २०७०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अदालत" भन्नाले संविधानको धारा ११८ बमोजिम गठन भएको संविधान सभा अदालत सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले संविधानको धारा १२८ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "उम्मेदवार" भन्नाले दफा २१ बमोजिम संविधान सभाको सदस्यमा उम्मेदवार हुन मनोनयन गरिएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि राजनैतिक दलले दफा ७ बमोजिम आयोग समक्ष पेश गरेको उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको व्यक्ति समेतलाई जनाउँछ ।

(घ) "उम्मेदवारको बन्दसूची" भन्नाले सम्पूर्ण मुलुकलाई एक निर्वाचन क्षेत्र मानी राजनैतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका निमित्त महिला, दलित, उत्पीडित जाति/आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेसी, खस आर्य तथा अन्य समूह समेतको समानुपातिक प्रतिनिधित्व हुने गरी उम्मेदवारी दिने प्रयोजनका लागि राजनैतिक दलले उम्मेदवारको नाम समावेश गरी दफा ७ बमोजिम आयोग समक्ष पेश गरेको सूची सम्झनु पर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा वा आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी जारी गरेको आदेशमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(च) "निर्वाचन" भन्नाले यस ऐन बमोजिम हुने संविधान सभाका सदस्यको निर्वाचन सम्झनु पर्छ र सो शब्दले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित भई आएको सदस्यको पद रिक्त भएको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६५९

अवस्थामा गरिने उपनिर्वाचन समेतलाई जनाउँछ ।

(छ) "निर्वाचन अधिकृत" भन्नाले आयोगबाट नियुक्त भएको मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक निर्वाचन अधिकृत समेतलाई जनाउँछ ।

(ज) "निर्वाचन क्षेत्र" भन्नाले दफा ३ बमोजिमको निर्वाचन क्षेत्र सम्झनु पर्छ ।

(झ) "पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली" भन्नाले दफा ५ बमोजिमको निर्वाचन प्रणाली सम्झनु पर्छ ।

(ञ) "मतदाता" भन्नाले निर्वाचनको लागि प्रचलित कानून बमोजिम मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति सम्झनु पर्छ ।

(ट) "मतपत्र" भन्नाले निर्वाचनमा मतदान गर्नका लागि व्यवस्था गरिएको दफा ३५ बमोजिमको मतपत्र सम्झनु पर्छ र सो शब्दले विद्युतीय उपकरणबाट मतदान हुने व्यवस्था भएकोमा त्यस्तो मतदानमा प्रयोग हुने विद्युतीय उपकरण र प्रदान गरेको मत सङ्केत समेतलाई जनाउँछ ।

(ठ) "मतदान अधिकृत" भन्नाले दफा १४ बमोजिम नियुक्त भएको मतदान अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक मतदान अधिकृत समेतलाई जनाउँछ ।

(ड) "मिश्रित निर्वाचन प्रणाली" भन्नाले दफा ४ बमोजिमको निर्वाचन प्रणाली सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

(ढ) "राजनैतिक दल" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको राजनैतिक दल सम्झनु पर्छ ।

(ण) "सदस्य" भन्नाले यस ऐन बमोजिम निर्वाचित भएको संविधान सभाको सदस्य सम्झनु पर्छ ।

(त) "समानुपातिक निर्वाचन प्रणाली" भन्नाले दफा ६ बमोजिमको निर्वाचन प्रणाली सम्झनु पर्छ ।

(थ) "संविधान" भन्नाले नेपालको अन्तरिम संविधान, २०६३ सम्झनु पर्छ ।

(द) "संविधान सभा" भन्नाले संविधानको धारा ६३ बमोजिम गठन हुने संविधान सभा सम्झनु पर्छ ।

## परिच्छेद-२

## निर्वाचन क्षेत्र तथा निर्वाचन प्रणाली

३. निर्वाचन क्षेत्र र सदस्य संख्या : संविधान सभा सदस्यको निर्वाचनको लागि देहायको निर्वाचन क्षेत्र र सदस्य संख्या रहनेछन् :-

(क) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार हुने निर्वाचनको लागि दुई सय चालीस निर्वाचन क्षेत्रबाट निर्वाचित दुईसय चालीस जना सदस्य,

(ख) राजनैतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली अनुसार हुने निर्वाचनको लागि सम्पूर्ण मुलुकलाई एक निर्वाचन क्षेत्र मानी कायम गरिएको निर्वाचन क्षेत्रबाट निर्वाचित तीनसय पैंतीस जना सदस्य,



१६०१ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान पुऱ्याएका विशिष्ट व्यक्तिहरु र खण्ड (क) र (ख) बमोजिमका निर्वाचनबाट प्रतिनिधित्व हुन नसकेका आदिवासी जनजातिहरुमध्येबाट सहमतिका आधारमा मन्त्रिपरिषद्‌बाट मनोनयन हुने छब्बीस जना सदस्य ।

४. मिश्रित निर्वाचन प्रणाली : संविधान सभा सदस्यको निर्वाचनको लागि देहाय बमोजिमको मिश्रित निर्वाचन प्रणाली अपनाउनु पर्नेछ :-

(क) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली, र

(ख) राजनैतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली ।

५. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली : (१) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत दफा ३ को खण्ड (क) बमोजिम निर्धारित निर्वाचन क्षेत्रका लागि एक निर्वाचन क्षेत्र एक पदको आधारमा सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार संविधान सभाको सदस्यमा निर्वाचित हुनेछ ।

(२) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार हुने निर्वाचनमा एक व्यक्तिले बढीमा दुई निर्वाचन क्षेत्रका लागि उम्मेदवारी दिन सक्नेछ । यसरी दुई निर्वाचन क्षेत्रका लागि उम्मेदवारी दिएको व्यक्ति दुवै निर्वाचन क्षेत्रबाट निर्वाचित भएमा संविधानको धारा ६९ को उपधारा (१) बमोजिम अन्तिम निर्वाचन परिणाम घोषणा भएको मितिले तीस दिनभित्र कुनै एक निर्वाचन क्षेत्रको सदस्यता कायम राखी निज निर्वाचित भएको अन्य निर्वाचन क्षेत्रको सदस्यता त्याग गर्ने गरी लिखित रुपमा संविधान सभाको अध्यक्ष समक्ष राजीनामा पेश गर्नु पर्नेछ । यसरी रिक्त हुन आएको संविधान सभाको सदस्यको स्थान निर्वाचन आयोगले तत्काल उपनिर्वाचनद्वारा पूर्ति गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ। १६०२

(३) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम राजनैतिक दलहरुले उम्मेदवार चयन गर्दा समावेशी सिद्धान्तलाई ध्यान दिनु पर्नेछ ।

६. समानुपातिक निर्वाचन प्रणाली : (१) सम्पूर्ण मुलुकलाई एक निर्वाचन क्षेत्र मानी राजनैतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली अनुसार भएको निर्वाचनमा कुनै राजनैतिक दलले प्राप्त गरेको कुल मत संख्याको अनुपातमा सो राजनैतिक दलका तर्फबाट समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत प्रतिनिधित्व गर्ने संविधान सभाका सदस्यहरु निर्वाचित हुनेछन् ।

(२) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार उम्मेदवार हुने व्यक्तिको नाम समानुपातिक निर्वाचन प्रणाली अनुसारको सूचीमा समावेश गर्न पाइने छैन ।

७. उम्मेदवारको बन्दसूची : (१) समानुपातिक निर्वाचन प्रणाली अनुसार हुने निर्वाचनको लागि त्यस्तो निर्वाचनमा भाग लिन चाहने राजनैतिक दलले आफ्नो दलको तर्फबाट उठाइने उम्मेदवारको बन्दसूची तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राजनैतिक दलले उम्मेदवारको बन्दसूची तयार गर्दा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित हुने कुल सदस्य संख्याको कम्तीमा दश प्रतिशत सदस्यका लागि उम्मेदवारी दिने गरी त्यस्तो बन्दसूची तयार गर्नु पर्नेछ ।

(३) राजनैतिक दलले उम्मेदवार सूचीकृत गर्दा अनुसूची-१ मा उल्लेख भए बमोजिम महिला, दलित, उत्पीडित जाति/आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेसी, खस आर्य तथा अन्य समूह समेतको जनसंख्या प्रतिशतको आधारमा समानुपातिक प्रतिनिधित्व हुने गरी अनुसूची-२ बमोजिम उम्मेदवारको बन्दसूची तयार गर्नु पर्नेछ । यसरी महिलाको उम्मेदवारी सूचीकृत गर्दा दलित, उत्पीडित जाति/आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेसी, खस आर्य तथा अन्य समूह समेतको समानुपातिक प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्त अनुरुप गर्नु पर्नेछ । मधेसीबाट उम्मेदवारी चयन गर्दा दलित,



9603

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आदिवासी जनजाति र अन्य समूह समेतको जनसंख्या प्रतिशतको आधारमा समानुपातिक प्रतिनिधित्व हुने गरी उम्मेदवारको सूची तयार गर्नु पर्नेछ । त्यसरी तयार गरेको उम्मेदवारको बन्दसूची आयोगले तोकेको समयावधिभित्र सम्बन्धित राजनैतिक दलले अनुसूची-२ बमोजिमको ढाँचामा आयोग समक्ष पेश गर्नु पर्नेछ ।

स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि "जनसंख्या प्रतिशतको आधार" भन्नाले संविधान सभाको निर्वाचन हुनुभन्दा अघिको राष्ट्रिय जनगणना बमोजिमको जनसंख्या प्रतिशतको आधार सम्झनु पर्छ ।

(४) उपदफा (३) बमोजिम राजनैतिक दलले उम्मेदवार सूचीकृत गर्दा उत्पीडित समूह, गरीब किसान, मजदुर र अपाङ्ग समेतका व्यक्तिको प्रतिनिधित्वलाई समुचित ध्यान पुऱ्याउनु पर्नेछ ।

(५) समानुपातिक निर्वाचन प्रणाली बमोजिम दिइने महिला उम्मेदवारको संख्यामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार दिइने महिला उम्मेदवारको संख्या जोडेर कुल संख्यामा न्यूनतम एक तिहाई महिला उम्मेदवार हुनु पर्नेछ ।

(६) उपदफा (३) बमोजिम दलबाट प्राप्त उम्मेदवारको बन्दसूची आयोग समक्ष पेश भएपछि समानुपातिक र समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व भए नभएको यकिन गरी सम्बन्धित राजनैतिक दललाई सात दिनभित्र सच्याउन आयोगले सूचित गर्नेछ । त्यसरी सूचित गरेपछि सम्बन्धित दलले उम्मेदवारको बन्दसूचीलाई संशोधन गरी सात दिनभित्र पठाउनु पर्नेछ र यसरी प्राप्त उम्मेदवारको बन्दसूची नै अन्तिम सूचीको रुपमा कायम हुनेछ ।

(७) राजनैतिक दलले समानुपातिक निर्वाचन प्रणाली अनुसार भएको निर्वाचनमा जति मत प्राप्त गरेको छ सोही अनुपातमा उपदफा (३) बमोजिम आयोगमा पेश गरेको उम्मेदवारको बन्दसूचीमा नाम सूचीकृत भएका उम्मेदवारमध्ये सोही उपदफा बमोजिम समानुपातिक प्रतिनिधित्व हुने गरी सम्बन्धित राजनैतिक दलको केन्द्रीय कार्यकारिणी समिति वा सो



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ । 9108

सरहको समितिको निर्णयबाट छनौट भएको उम्मेदवारको नामावलीको सूची आयोगले तोकेको समयभित्र आयोग समक्ष पेश गर्नु पर्नेछ । यसरी आयोग समक्ष प्राप्त हुन आएको उम्मेदवारको नामावलीको सूचीमा नाम समावेश भएका उम्मेदवारहरु निर्वाचित भएको घोषणा आयोगले गर्नेछ ।

(८) राजनैतिक दलद्वारा उपदफा (७) बमोजिम पेश गर्ने निर्वाचित उम्मेदवारको नामावलीमा सम्बन्धित समूहको संख्या पूर्णाङ्क नभई घताङ्क रहेको अवस्थामा सम्बन्धित राजनैतिक दलले आफूले निर्वाचित घोषणा गर्न पाउने सीटमा नबढ्ने गरी त्यस्तो घताङ्क संख्याभन्दा ठीक मुनिको पूर्णाङ्क वा ठीक माथिको पूर्णाङ्क संख्यामा समूहमा नाम राखी पठाएको उम्मेदवारको नामावलीलाई निर्वाचन आयोगले मान्यता दिनेछ ।

(९) उपदफा (७) बमोजिम छनौट भई आयोग समक्ष पेश भएको उम्मेदवारको नामावली उपदफा (३) बमोजिम समानुपातिक प्रतिनिधित्व भए वा नभएको सम्बन्धमा आयोगले छानबिन गर्नेछ ।

तर उम्मेदवारको छानबिन गर्दा प्रत्येक वर्गको कुल संख्याको दश प्रतिशतसम्मको घटिबढी भएकोमा त्यसलाई आयोगले स्वीकार गर्नेछ ।

(१०) उपदफा (९) बमोजिम आयोगले छानबिन गर्दा सम्बन्धित राजनैतिक दलले छनौट गरी पेश गरेको उम्मेदवारको नामावली उपदफा (३) बमोजिम समानुपातिक प्रतिनिधित्व भएको नपाइएमा आयोगले सम्बन्धित राजनैतिक दललाई सो बमोजिम सच्याई नामावली पेश गर्न लेखी पठाउनेछ ।

(११) उपदफा (१०) बमोजिम आयोगले लेखी पठाएको तीन दिनभित्र सम्बन्धित राजनैतिक दलले उपदफा (७) को प्रयोजनका लागि संशोधित नामावलीको सूची आयोग समक्ष पेश गर्नु पर्नेछ ।

(१२) उपदफा (११) बमोजिम आयोग समक्ष पेश भएको उम्मेदवारको संशोधित नामावलीमा पनि उपदफा (३) बमोजिम समानुपातिक प्रतिनिधित्व भएको नपाइएमा जुन समूहको जति



१६०५
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संख्याको उम्मेदवारको नामावली उपदफा (३) बमोजिम प्रतिनिधित्व हुने गरी उपलब्ध भएको छ समानुपातिक रुपले त्यति नै प्रतिशत स्थानमा सम्बन्धित राजनैतिक दलको उम्मेदवार निर्वाचित भएको घोषणा आयोगले गर्नेछ ।

तर निर्वाचित उम्मेदवारको घोषणा गर्दा प्रत्येक वर्गको कुल संख्याको दश प्रतिशतसम्मको घटिबढी भएकोमा त्यसलाई आयोगले स्वीकार गर्नेछ ।

(१३) यस दफा बमोजिम उम्मेदवारहरु निर्वाचित भएको सूचना आयोगले सार्वजनिक गरी सोको जानकारी सम्बन्धित राजनैतिक दललाई समेत दिनु पर्नेछ ।

(१४) यस ऐन बमोजिम तयार गरी आयोगसमक्ष पेश गरिने उम्मेदवारको बन्दसूचीमा समानुपातिक निर्वाचन प्रणालीका लागि निर्धारित कुल सदस्य संख्याभन्दा बढी हुने गरी उम्मेदवारको नाम सूचीकृत गर्न पाइने छैन ।

(१५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचन प्रयोजनका लागि उपदफा (३) बमोजिम उम्मेदवारको बन्दसूची तयार गर्दा र उपदफा (७) बमोजिम निर्वाचित हुने उम्मेदवारको छनौट गर्दा त्यस्तो निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित हुने कुल सदस्य संख्याको तीस प्रतिशत भन्दा कम मात्र उम्मेदवार सूचीकृत गर्ने राजनैतिक दलले अनुसूची-१ अन्तर्गत निर्धारित प्रतिशतमा महिला र पुरुषको संख्या बराबर हुने गरी दलित, उत्पीडित जाति/आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेसी, खस आर्य तथा अन्य समूहको यथाशक्य प्रतिनिधित्व गराई प्रतिशत घटिबढी भएकोलाई र एकजना मात्र उम्मेदवार निर्वाचित हुने राजनैतिक दलको हकमा सम्बन्धित राजनैतिक दलले उम्मेदवारको बन्दसूचीमा सूचीकृत गरेकोमध्ये कुनै उम्मेदवारलाई छनौट गरेकोमा निर्वाचन आयोगले मान्यता प्रदान गर्नु पर्नेछ ।

८. उम्मेदवारको बन्दसूची संविधान सभाको कार्यकालभर मान्य हुने : (१) राजनैतिक दलले दफा ७ बमोजिम आयोग समक्ष पेश गरेको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

उम्मेदवारको बन्दसूची संविधान सभाको कार्यकालभर मान्य हुनेछ ।

(२) समानुपातिक निर्वाचन प्रणाली अनुसार निर्वाचित संविधान सभाको कुनै सदस्यको मृत्यु भई वा राजीनामा दिई वा दल त्याग गरी वा अन्य कारणले पद रिक्त भएमा उम्मेदवारको बन्दसूचीमा सूचीकृतहरु मध्येबाट सम्बन्धित राजनैतिक दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिले दफा ७ को उपदफा (३) बमोजिम प्रतिनिधित्व हुने गरी छनौट गरेको उम्मेदवार निर्वाचित भएको मानिनेछ ।

९. उम्मेदवारी रद्द हुने : समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचन प्रयोजनका लागि कुनै राजनैतिक दलले उम्मेदवारको बन्दसूचीमा सूचीकृत कुनै उम्मेदवार निर्वाचन पूरा नहुँदै संविधानको धारा ६५ अनुसार अयोग्य छ वा हुन गएको छ भन्ने प्रश्न उठेमा तत्सम्बन्धमा आवश्यक छानबिन गरी आयोगले अयोग्य भएको ठहर गरेमा त्यस्तो उम्मेदवारको उम्मेदवारी रद्द हुनेछ ।

तर आयोगले निर्णय गर्नु अघि सम्बन्धित उम्मेदवारलाई आफ्नो भनाई पेश गर्ने मनासिब मौका उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद-३

## निर्वाचन अधिकृत, मतदान अधिकृत र अन्य कर्मचारी

१०. निर्वाचन अधिकृतको नियुक्ति : (१) निर्वाचनको प्रयोजनको लागि संविधान, यो ऐन तथा प्रचलित कानून बमोजिम निर्वाचन क्षेत्रमा सम्पादन गर्नु पर्ने कामहरु गर्न गराउनका लागि आयोगले आवश्यकता अनुसार निर्वाचन अधिकृत नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्वाचन अधिकृत नियुक्त गर्दा आयोगले संविधानको धारा ११० को उपधारा (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम न्याय परिषद्को स्वीकृति लिई न्यायाधीशलाई र न्याय सेवा आयोगको परामर्श लिई नेपाल न्याय सेवाका कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृत कर्मचारीलाई नियुक्त गर्न सक्नेछ ।



९६०८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. मुख्य निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार : (१) आयोगको निर्देशनको अधीनमा रही आफूलाई तोकिएको जिल्लाभित्रको निर्वाचन क्षेत्रहरुको निर्वाचन सम्बन्धी कामको समन्वय र सुपरिवेक्षण गरी आवश्यक निर्देशन दिनु मुख्य निर्वाचन अधिकृतको कर्तव्य हुनेछ ।

(२) मुख्य निर्वाचन अधिकृतले आफूलाई तोकिएको निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकारको प्रयोग र पालन समेत गर्नेछ ।

१२. निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार : (१) आयोगको निर्देशनको अधीनमा रही आफू खटिएको निर्वाचन क्षेत्रमा यस ऐन बमोजिम निर्वाचन गराउने सम्बन्धी सम्पूर्ण काम कारबाही स्वतन्त्र र निष्पक्ष रुपमा गर्नु गराउनु निर्वाचन अधिकृतको कर्तव्य हुनेछ ।

(२) निर्वाचन अधिकृतको अन्य काम, कर्तव्य र अधिकार आयोगले जारी गरेको आदेश, निर्देशन र निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।

(३) निर्वाचन अधिकृतले निर्वाचनको काम गर्न खटाएको कर्मचारीलाई आवश्यकता अनुसार आफ्नो अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम अधिकार प्रत्यायोजन गर्दा मनोनयनपत्र जाँच्ने, सदर वा बदर गर्ने वा खारेज गर्ने, मतपत्र सदर वा बदर गर्ने र मतगणना परिणाम घोषणा गर्ने अधिकार प्रत्यायोजन गर्न सकिने छैन ।

१३. सहायक निर्वाचन अधिकृत र अन्य कर्मचारीको नियुक्ति : (१) निर्वाचन अधिकृतले आयोगले तोके बमोजिमको संख्यामा सहायक निर्वाचन अधिकृत र अन्य कर्मचारीहरु नियुक्त गर्न सक्नेछ ।

(२) निर्वाचन अधिकृतले नेपाल सरकारको वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्था वा स्थानीय निकायको कर्मचारी वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

१६०८

सामुदायिक विद्यालयको शिक्षकलाई आवश्यकता अनुसार निर्वाचनको काममा खटाउन सक्नेछ ।

१४. मतदान अधिकृतको नियुक्ति : (१) निर्वाचन अधिकृतले सम्बन्धित निर्वाचन क्षेत्रका लागि आवश्यक संख्यामा नेपाल सरकारको वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्था वा स्थानीय निकायको कर्मचारी वा सामुदायिक विद्यालयको शिक्षकलाई मतदान अधिकृत वा सहायक मतदान अधिकृत नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त मतदान अधिकृत र सहायक मतदान अधिकृतले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम वा आदेशले तोके बमोजिमको मतदान गराउने सम्बन्धी सम्पूर्ण कार्य स्वच्छ, स्वतन्त्र र निष्पक्ष रुपमा सम्पन्न गराउनु पर्नेछ ।

(३) मतदान अधिकृत तथा सहायक मतदान अधिकृतको अन्य काम, कर्तव्य र अधिकार आयोगले जारी गरेको आदेश, निर्देशन र निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद-४

## निर्वाचनको सूचना

१५. निर्वाचन गराउने : आयोगले यस ऐन बमोजिम हुने संविधान सभाका सदस्यको निर्वाचन संविधानको धारा ६३ को उपधारा (२) बमोजिम नेपाल सरकारले तोकेको मितिमा गराउनेछ ।

१६. निर्वाचनको सूचना : (१) संविधान सभाको सदस्यको निर्वाचनको लागि नेपाल सरकारले संविधानको धारा ६३ को उपधारा (२) बमोजिम तोकेको मितिमा मतदान सम्पन्न गर्न आयोगले समय तोकी सोको सूचना जारी गर्नेछ र त्यस्तो सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नेछ ।

(२) नेपाल सरकारले भौगोलिक अवस्था, मौसम तथा अन्य परिस्थिति समेत विचार गरी एक वा एकभन्दा बढी निर्वाचन क्षेत्रमा निर्वाचनको लागि मतदान गर्न एउटै वा अलग-अलग मिति तोक्न सक्नेछ र यसरी नेपाल सरकारले तोके



१६०९ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिम एउटै वा अलग-अलग मितिमा निर्वाचन कार्यक्रम अनुसार भएको निर्वाचन एकैपटक भएको मानिनेछ ।

१७. निर्वाचन कार्यक्रमको सूचना : (१) दफा १६ बमोजिम निर्वाचनको सूचना प्रकाशित भएपछि सम्बन्धित निर्वाचन अधिकृतले आयोगले निर्धारण गरेको कार्यक्रम अनुसार पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने, मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने, उम्मेदवारीको दाबी विरोधमा उजूरी दिने, मनोनयनपत्र जाँच गर्ने, मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन गर्ने, उम्मेदवारले नाम फिर्ता लिने, उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने र उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने मिति, समय र स्थान तोकी निर्वाचन कार्यक्रमको सूचना प्रकाशन गर्नेछ ।

(२) दफा १६ बमोजिम निर्वाचनको सूचना प्रकाशित भएपछि समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनको लागि उम्मेदवारको बन्दसूची आयोगमा पेश गर्ने, सो उपर दाबी विरोध गर्ने र अन्तिम उम्मेदवारको बन्दसूची प्रकाशन गर्ने समेतका कार्यक्रम आयोगले प्रकाशन गर्नेछ ।

## परिच्छेद-५

## उम्मेदवार तथा मनोनयनपत्र

१८. उम्मेदवारको योग्यता : निर्वाचनमा उम्मेदवार हुन कुनै पनि व्यक्तिले देहायको योग्यता पूरा गरेको हुनु पर्नेछ :-

(क) नेपाली नागरिक,

(ख) कम्तीमा पच्चीस वर्ष उमेर पूरा गरेको,

(ग) नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको,

(घ) कुनै लाभको पद धारण नगरेको ।

स्पष्टीकरण : खण्ड (घ) को प्रयोजनको लागि "लाभको पद" भन्नाले निर्वाचन वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

मनोनयनद्वारा पूर्ति गरिने राजनैतिक पद बाहेक कुनै सरकारी कोषबाट पारिश्रमिक वा अन्य कुनै आर्थिक सुविधा पाउने अन्य कुनै पदलाई जनाउनेछ ।

१९. उम्मेदवारको अयोग्यता : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको व्यक्ति निर्वाचनमा उम्मेदवार हुन अयोग्य मानिनेछ :-

(क) मतदाता नामावलीमा नाम समावेश नभएको,

(ख) नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको,

(ग) निर्वाचन सम्बन्धी प्रचलित कानून बमोजिम सजाय पाई सो सजाय पाएको मितिले दुई वर्ष भुक्तान नगरेको,

(घ) भ्रष्टाचार, जबर्जस्ती करणी, मानव वेचविखन तथा ओसारपसार, लागु औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण वा राहदानी दुरुपयोग सम्बन्धी कसूरमा अदालतको अन्तिम फैसलाबाट सजाय पाएको,

(ङ) ज्यान सम्बन्धी मुद्दामा अदालतको अन्तिम फैसलाबाट सर्वस्व सहित जन्मकैद वा जन्मकैदको सजाय पाएको,

(च) बैङ्क तथा वित्तीय संस्थाको ऋण नियतवश नतिरी प्रचलित कानून बमोजिम कालो सूचीमा रहेको,

(छ) मगज बिग्रेको ।



१७११ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०. उम्मेदवारको उमेरको गणना : निर्वाचनमा उम्मेदवार हुनको लागि उम्मेदवारको उमेरको गणना गर्दा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको हकमा उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने र समानुपातिक निर्वाचन प्रणालीको हकमा आयोगमा उम्मेदवारको बन्दसूची पेश गर्ने मितिसम्ममा पच्चीस वर्ष उमेर पूरा गरेको हुनु पर्नेछ ।

२१. उम्मेदवारको मनोनयन : (१) संविधान र यस ऐन बमोजिम उम्मेदवार हुन योग्यता पुगेको र कुनै निर्वाचन क्षेत्रको मतदाता नामावलीमा मतदाताको रुपमा नाम दर्ता भएको कुनै व्यक्तिलाई यस ऐन बमोजिम हुने निर्वाचनमा तोकिए बमोजिम उम्मेदवार मनोनयन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम कुनै निर्वाचन क्षेत्रको लागि उम्मेदवार मनोनयन गर्दा एकजना प्रस्तावक र एकजना समर्थक हुनु पर्नेछ । त्यस्तो प्रस्तावक र समर्थक सोही निर्वाचन क्षेत्रको मतदाता नामावलीमा नाम दर्ता भएको मतदाता हुनु पर्नेछ ।

(३) निर्वाचन प्रयोजनको लागि दर्ता भएको राजनैतिक दलले खडा गरेको उम्मेदवारको सम्बन्धमा सो दलले निजलाई औपचारिक पत्र समेत दिएको हुनु पर्नेछ र त्यस्तो औपचारिक पत्र प्रदान गर्न अधिकार पाएको सो दलको पदाधिकारीले त्यस्तो पत्रको एक प्रति निर्वाचन अधिकृतलाई समेत पठाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम कुनै व्यक्तिलाई प्रस्ताव गरिएको अवस्थामा निजले मनोनयनपत्रमा आफ्नो मञ्जुरी लेखी सहीछाप समेत गर्नु पर्नेछ ।

(५) कुनै व्यक्तिलाई एउटै निर्वाचन क्षेत्रको निर्वाचनको लागि बढीमा तीन मनोनयनपत्रद्वारा मनोनयन गर्न सकिनेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि समानुपातिक निर्वाचन प्रणाली अनुसार उम्मेदवार मनोनयन गर्दा राजनैतिक दलले यस ऐन बमोजिम योग्यता पुगेको उम्मेदवारको नाम उम्मेदवारको बन्दसूचीमा समावेश गरी त्यस्तो बन्दसूची आयोग समक्ष पेश गरेमा उम्मेदवारको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ९६९२

मनोनयन गरेको मानिनेछ । मनोनयन गरेका प्रत्येक उम्मेदवारको कुन ठाउँको मतदाता नामावलीमा नाम समावेश भएको छ सो र निजको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि एवं ठेगाना समेत उल्लेख भएको हुनु पर्नेछ ।

२२. मनोनयनपत्र प्रमाणित गर्ने अधिकारी सम्बन्धी व्यवस्था : (१) निर्वाचन प्रयोजनको लागि आयोगमा दर्ता भएको राजनैतिक दलको तर्फबाट उम्मेदवार मनोनयनको औपचारिक पत्र प्रदान गर्न अधिकार पाएको राजनैतिक दलको पदाधिकारीको नाम, थर, पद र निजको दस्तखतको नमुना सो राजनैतिक दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिले तोकेको पदाधिकारीले प्रमाणित गरी उम्मेदवारको लागि मनोनयनपत्र दाखिला गर्ने अन्तिम मिति भन्दा कम्तीमा सात दिन अगावै आयोगलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको रीत नपुऱ्याई मनोनयनपत्र दाखिल भएको अवस्थामा त्यस्तो राजनैतिक दलको उम्मेदवारलाई सो राजनैतिक दलको उम्मेदवारको रुपमा मान्यता दिइने छैन ।

२३. मनोनयनपत्रको दर्ता : (१) उम्मेदवारको मनोनयनपत्र उम्मेदवार आफैंले वा निजको प्रतिनिधिले वा प्रस्तावक वा समर्थकले सम्बन्धित निर्वाचन क्षेत्रको निर्वाचन अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको मनोनयनपत्र सम्बन्धित निर्वाचन अधिकृतले यस ऐन बमोजिम रीतपूर्वकको छ वा छैन हेरी रीतपूर्वकको भए दर्ता गरी तोकिए बमोजिमको निस्सा मनोनयनपत्र दर्ता गर्न ल्याउने व्यक्तिलाई दिनु पर्नेछ ।

(३) निर्वाचन अधिकृतले प्रस्तावक वा समर्थक नभएको वा प्रस्तावक वा समर्थक दोहोरिएको वा यस ऐन बमोजिमको धरौटी राखेको निस्सा नभएको वा प्रस्तावक वा समर्थक वा उम्मेदवार हुने व्यक्तिको सहीछाप नभएको वा अन्य रीत नपुगेको मनोनयनपत्र दर्ता गर्न ल्याएमा रीत नपुगेको जति सच्याउन लगाई सो मनोनयनपत्र दर्ता गर्नु पर्नेछ । यसरी रीत नपुगेको कुरा सच्याउनु पर्ने व्यहोरा नसच्याई मनोनयनपत्र दर्ता गराउन



१६९२ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चाहेमा सोही व्यहोरा मनोनयनपत्रमा जनाई सोको सूचना मनोनयनपत्र दर्ता गराउने व्यक्तिलाई दिनु पर्नेछ ।

(४) मनोनयनपत्र दर्ता गर्ने समय समाप्त भएपछि निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रमको सूचनामा तोकिएको मिति, समय र स्थानमा मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्रकाशित सूचीमा उल्लिखित कुनै उम्मेदवारको योग्यताको सम्बन्धमा उजूरी दिन चाहने उम्मेदवार वा निजको प्रतिनिधिले निर्वाचन कार्यक्रमको सूचनामा तोकिएको मिति, समय र स्थानमा निर्वाचन अधिकृत समक्ष उजूरी दिन सक्नेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि दफा २१ को उपदफा (६) बमोजिम राजनैतिक दलले उम्मेदवार मनोनयन गर्ने प्रयोजनको लागि पेश गरेको उम्मेदवारको बन्दसूची बमोजिम उम्मेदवारको मनोनयनपत्र दर्ता भएको मानिनेछ ।

२४. <u>मनोनयनपत्रको जाँच</u> : (१) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि दर्ता भएको मनोनयनपत्र जाँच गर्न निर्वाचन कार्यक्रमको सूचनामा तोकिएको मिति, समय र स्थानमा प्रस्तावक, समर्थक वा उम्मेदवार स्वयं वा निजले लिखित रुपमा अधिकार दिएको एकजना प्रतिनिधि उपस्थित हुनु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) मा उल्लेख गरिएका व्यक्तिहरु समक्ष त्यस्ता सम्पूर्ण उम्मेदवारहरुको मनोनयनपत्र जाँच गर्नेछ ।

तर त्यसरी उपस्थित हुनु पर्ने कुनै प्रस्तावक, समर्थक वा उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि मनोनयनपत्र जाँच गर्न र सो सम्बन्धमा कानून बमोजिम निर्णय गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ ।

१६९४

(३) निर्वाचन अधिकृतले उपदफा (२) बमोजिम उम्मेदवारहरुको मनोनयनपत्र जाँच गर्दा दफा २३ को उपदफा (५) बमोजिम कुनै उम्मेदवारको विरोधमा उजूरी परेको रहेछ भने सो सम्बन्धमा समेत आवश्यक जाँचबुझ गरी निर्णय गर्नु पर्नेछ । यसरी जाँचबुझ गर्दा प्रस्तावक र समर्थक दोहोरिएको पाइएमा सम्बन्धित उम्मेदवारलाई सच्याउने मौका दिनु पर्नेछ र मनोनयनपत्रमा रहेको सानोतिनो भूलचूकको कारणले मात्र सो मनोनयनपत्र बदर गरिने छैन ।

स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि "सानोतिनो भूलचूक" भन्नाले मतदाता नामावलीमा वा मनोनयनपत्रमा उम्मेदवार, प्रस्तावक वा निजहरुसँग सम्बन्धित व्यक्तिको नाम, थर, वतन वा क्रमसंख्याको लेखाई वा छपाई सम्बन्धी प्राविधिक वा अक्षर, मात्रा वा अङ्कको त्रुटी भएमा र सो त्रुटीले कुनै तात्विक फरक नपार्ने भएमा त्यस्तो त्रुटीलाई जनाउनेछ ।

(४) देहायका अवस्थामा निर्वाचन अधिकृतले यस दफा बमोजिम गर्नु पर्ने मनोनयनपत्रको जाँच सम्बन्धी कारबाही स्थगित गर्न सक्नेछ :-

(क) मनोनयनपत्र जाँच गर्ने स्थानमा सो जाँच गर्ने समयमा हुलदङ्गा लगायत अन्य असामान्य परिस्थिति उत्पन्न भएमा, वा

(ख) प्राकृतिक विपत्तिको कारणले काबूबाहिरको परिस्थिति उत्पन्न भएमा ।

(५) उपदफा (४) बमोजिम मनोनयनपत्रको जाँच सम्बन्धी कारबाही स्थगित भएमा निर्वाचन अधिकृतले समय र स्थान तोकी यथासम्भव छिटो मनोनयनपत्रको जाँच गर्नु पर्नेछ ।

२५. मनोनयनपत्र बदर हुने अवस्था : देहायको अवस्थामा मनोनयनपत्र बदर हुनेछ :-

(क) संविधान र यस ऐन बमोजिम उम्मेदवारको योग्यता नभएमा,

(ख) उम्मेदवार हुने व्यक्तिको मञ्जुरी नभएमा वा निजको वा निजको उम्मेदवार मनोनयन गर्ने



१८१५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रस्तावक र समर्थकको सहीछाप नभएमा वा कीर्ते सहीछाप भएमा,

(ग) दफा ६८ बमोजिम दाखिला गर्नु पर्ने धरौटी नराखेमा,

(घ) दफा १७ बमोजिम तोकिएको समयभित्र मनोनयनपत्र दर्ता नभएमा,

(ङ) दफा २२ र २३ मा लेखिए बमोजिम मनोनयनपत्र दाखिला नभएमा,

(च) यस ऐन बमोजिम अन्य रीत नपुगेको भएमा।

२६. उम्मेदवारको नामावली : निर्वाचन अधिकृतले मनोनयनपत्रहरुको जाँच गरि सकेपछि कानून बमोजिम रीत पुगेका मनोनयनपत्र बमोजिमका उम्मेदवारहरुको तोकिए बमोजिम नामावली तयार गर्नु पर्नेछ र सो नामावलीको एक प्रति आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

तर समानुपातिक निर्वाचन प्रणाली अनुसार हुने निर्वाचनका लागि राजनैतिक दलले पेश गरेको उम्मेदवारको बन्दसूचीमा रहेका नामावली आयोगले सार्वजनिक गर्नु पर्नेछ।

२७. नाम फिर्ता लिने : (१) कुनै उम्मेदवारले आफ्नो नाम उम्मेदवारको नामावलीबाट हटाउनको लागि नाम फिर्ता लिन चाहेमा दफा १७ को उपदफा (१) बमोजिम तोकिएको समयभित्र निर्वाचन अधिकृतलाई लिखित सूचना दिई आफ्नो नाम फिर्ता लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नाम फिर्ता लिएको सूचना उम्मेदवार आफैले वा निजको प्रतिनिधिले दाखिल गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम नाम फिर्ता लिएको सूचना निर्वाचन अधिकृत समक्ष दाखिला भैसकेपछि सो सूचना बदर गर्न वा फिर्ता लिन पाउने छैन ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपदफा (१) बमोजिम दाखिला भएको सूचनाको सत्यतामा निर्वाचन अधिकृत सन्तुष्ट भएमा नाम फिर्ता लिने उम्मेदवारको नाम उम्मेदवारको नामावलीबाट हटाउनु पर्नेछ र नाम हटाइएको सूचना निर्वाचन अधिकृतले आफ्नो कार्यालयमा तुरुन्त प्रकाशन गर्नेछ ।

(५) कुनै राजनैतिक दलले खडा गरेको कुनै उम्मेदवारको सम्बन्धमा सो दलको अधिकार प्राप्त व्यक्तिले निजको नाम फिर्ता लिने गरी निर्वाचन अधिकृतलाई दफा १७ को उपदफा (१) बमोजिम तोकिएको समयभित्र लेखी पठाएमा निजलाई उम्मेदवारको रुपमा कायम राखिने छैन ।

(६) उम्मेदवारको बन्दसूचीमा सूचीकृत कुनै उम्मेदवारले दफा १७ को उपदफा (१) मा तोकिएको समयभित्र आफ्नो नाम उम्मेदवारको बन्दसूचीबाट हटाउन चाहेमा आयोग समक्ष निवेदन दिनु पर्नेछ । यसरी निवेदन परेमा आयोगले त्यस्तो उम्मेदवारको नाम उम्मेदवारको बन्दसूचीबाट हटाई सोको जानकारी सम्बन्धित राजनैतिक दललाई दिनु पर्नेछ ।

२८. उम्मेदवारको अन्तिम नामावली : (१) दफा १७ को उपदफा (१) बमोजिम उम्मेदवारले नाम फिर्ता लिने समय समाप्त भएपछि निर्वाचन अधिकृतले बाँकी रहेका उम्मेदवारहरुको नामावली तोकिए बमोजिम तयार गर्नु पर्नेछ र सो नामावलीको एक प्रति आफ्नो कार्यालयमा तुरुन्त प्रकाशन गरी सोको एक प्रति आयोगमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको नामावलीमा उम्मेदवारको नाम वर्णानुक्रम अनुसार लेखिनेछ र कुनै राजनैतिक दलबाट मनोनीत उम्मेदवार भएमा निजहरुको मनोनयनपत्रमा लेखिएको ठेगानामा सो दलको नाम समेत उल्लेख गरिनेछ ।

२९. समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत उम्मेदवारको दाबी विरोध सम्बन्धी व्यवस्था : (१) दफा ७ बमोजिम प्राप्त उम्मेदवारको बन्दसूची उपर आवश्यक जाँचबुझ गरी आयोगले सो सूची सार्वजनिक गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उम्मेदवारको बन्दसूची प्रकाशन गर्दा आयोगले त्यस्तो सूचीमा नाम समावेश भएको कुनै उम्मेदवारको संविधान र यस ऐन बमोजिमको योग्यता नपुगेको भए सो सम्बन्धमा दाबी विरोध गर्न सात दिनभित्र निवेदन दिन आउनु भन्ने व्यहोराको सूचना समेत प्रकाशन गर्नु पर्नेछ ।

(३) आयोगले उपदफा (१) र (२) बमोजिम उम्मेदवारको बन्दसूची र दाबी विरोध गर्न आउनु भनी सूचना प्रकाशन गरेको व्यहोरा आवश्यकता अनुसार राष्ट्रियस्तरका सञ्चार माध्यमबाट समेत प्रकाशन र प्रसारण गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम प्रकाशित बन्दसूचीमा नाम समावेश भएको कुनै उम्मेदवारको संविधान वा यस ऐन बमोजिम योग्यता नपुगेको भनी कुनै राजनैतिक दल वा उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको कुनै व्यक्तिले आयोगले निर्धारण गरेको समयभित्र प्रमाण सहित आयोग समक्ष दाबी विरोध गर्न सक्नेछ ।

(५) उपदफा (१) बमोजिम दाबी विरोधको निवेदन प्राप्त भएमा सो सम्बन्धमा आयोगले आवश्यक जाँचबुझ गर्न सक्नेछ र जाँचबुझबाट उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको व्यक्तिको संविधान र यस ऐन बमोजिमको योग्यता पुगेको नदेखिएमा आयोगले सोही व्यहोरा जनाई त्यस्तो उम्मेदवारको नाम त्यस्तो सूचीबाट हटाउनु पर्नेछ ।

(६) यस ऐन बमोजिम दाबी विरोधको काम समाप्त भएपछि आयोगले आफ्नो कार्यालयमा अन्तिम उम्मेदवारको बन्दसूची प्रकाशन गर्नेछ ।

(७) यस ऐन बमोजिम दाबी विरोधको काम समाप्त भएपछि आयोगले अन्तिम उम्मेदवारको बन्दसूची प्रमाणित गरी सम्बन्धित राजनैतिक दललाई पठाउनु पर्नेछ ।

३०. निर्विरोध निर्वाचित भएको मानिने : पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत कुनै निर्वाचन क्षेत्रमा एकजना मात्र उम्मेदवार कायम हुन आएमा निर्वाचन अधिकृतले सो निर्वाचन


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क्षेत्रबाट त्यस्तो उम्मेदवार निर्विरोध निर्वाचित भएको भनी तोकिए बमोजिम घोषणा गर्नेछ ।

३१. निर्वाचन चिन्ह : (१) यस ऐन बमोजिम पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तथा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि क्रमशः उम्मेदवार तथा राजनैतिक दललाई वितरण गर्ने निर्वाचन चिन्ह आयोगले निर्धारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारण गरिएको निर्वाचन चिन्ह राजनैतिक दल तथा उम्मेदवारलाई तोकिए बमोजिम प्रदान गरिनेछ ।

(३) उपदफा (२) बमोजिम निर्वाचन चिन्ह प्रदान गर्दा आयोगले यस ऐन बमोजिम दर्ता भएको प्रत्येक राजनैतिक दललाई पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनको निर्वाचन क्षेत्रमा सम्बन्धित राजनैतिक दलले खडा गरेका प्रत्येक उम्मेदवारले प्रयोग गर्न पाउने गरी र समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि राजनैतिक दलले प्रयोग गर्न पाउने गरी एकै प्रकारको निर्वाचन चिन्ह प्रदान गर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रदान गरिएको निर्वाचन चिन्ह सो राजनैतिक दलका उम्मेदवार वा राजनैतिक दल बाहेक अरु कसैले पनि प्रयोग गर्न पाउने छैन ।

(५) उम्मेदवारले निर्वाचन चिन्ह प्राप्त गरिसकेपछि निजले सो राजनैतिक दल त्याग गरे पनि वा अर्को दलमा प्रवेश गरे तापनि सो निर्वाचन चिन्ह परिवर्तन हुन सक्ने छैन । सो उम्मेदवार निर्वाचित भएमा चिन्ह प्रदान गर्ने दलले प्रमाण सहित आयोगमा उजूरी दिएमा निजको सदस्यता खारेज हुनेछ ।

(६) यस दफा बमोजिम निर्वाचन चिन्ह वितरण गर्दा सम्वत् २०६४ सालमा भएको संविधान सभा सदस्य निर्वाचनबाट संविधान सभामा प्रतिनिधित्व भएको राजनैतिक दल र त्यस्तो राजनैतिक दलबाट विभाजन भई यो ऐन प्रारम्भ हुँदाका बखत



१६१८

आयोगमा दर्ता कायम रहेको राजनैतिक दललाई आयोगबाट त्यस्तो निर्वाचनको प्रयोजनका लागि वितरण गरिएको निर्वाचन चिन्ह नै वितरण गर्नु पर्नेछ । यसरी निर्वाचन चिन्ह वितरण गर्दा कुनै गल्ती भएको वा फरक पर्न गएको भन्ने आयोगलाई लागेमा आयोगले त्यस्तो चिन्ह परिवर्तन गर्न सक्नेछ ।

(७) स्वतन्त्र उम्मेदवारको निमित्त छुट्याइएको निर्वाचन चिन्हको समूहबाट स्वतन्त्र रुपले खडा भएको उम्मेदवारले प्रयोग गर्ने गरी निर्धारण गरिएका निर्वाचन चिन्ह तोकिए बमोजिमको तरिका अनुसार निर्वाचन अधिकृतले प्रदान गर्नेछ ।

३२. उम्मेदवारको मृत्यु भएमा : (१) दफा २८ बमोजिम उम्मेदवारको अन्तिम नामावली प्रकाशित हुनुभन्दा अघि राजनैतिक दलबाट मनोनयन भएको उम्मेदवारको मनोनयनपत्र रीतपूर्वकको ठहरिइसकेको र आफ्नो नाम फिर्ता नलिएको कुनै उम्मेदवारको मृत्यु भएमा र त्यस्तो मृत्यु भएको लिखित सूचना निज उम्मेदवारको निर्वाचन प्रतिनिधि वा सम्बन्धित राजनैतिक दलबाट प्राप्त भएमा निर्वाचन अधिकृतले सो निर्वाचन क्षेत्रको अन्य कार्यक्रम तुरुन्त स्थगित गर्नु पर्नेछ र त्यसको जानकारी आयोगलाई दिनु पर्नेछ । त्यसरी कार्यक्रम स्थगित भएको सूचना अन्य उम्मेदवारहरु समेतको जानकारीको लागि निर्वाचन अधिकृतले आफ्नो कार्यालयमा टाँस्नु पर्नेछ ।

तर समानुपातिक निर्वाचनका लागि उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको कुनै उम्मेदवारको मृत्यु भएमा निर्वाचन कार्यक्रम स्थगित हुने छैन ।

(२) दफा २८ बमोजिम उम्मेदवारको अन्तिम नामावली प्रकाशित भएपछि कुनै राजनैतिक दलबाट मनोनयन भएको उम्मेदवारको मृत्यु भएमा र त्यस्तो मृत्यु भएको लिखित सूचना निज उम्मेदवारको निर्वाचन प्रतिनिधि वा सम्बन्धित राजनैतिक दलबाट प्राप्त भएमा निर्वाचन अधिकृतले सो निर्वाचन क्षेत्रको अन्य कार्यक्रम तुरुन्त स्थगित गर्नु पर्नेछ र त्यसको जानकारी आयोगलाई दिनु पर्नेछ । त्यसरी कार्यक्रम स्थगित भएको सूचना

अन्य उम्मेदवारहरु समेतको जानकारीको लागि निर्वाचन अधिकृतले आफ्नो कार्यालयमा टाँस्नु पर्नेछ ।

तर समानुपातिक निर्वाचनका लागि उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको कुनै उम्मेदवारको मृत्यु भएमा निर्वाचन कार्यक्रम स्थगित हुने छैन ।

(३) आयोगले उपदफा (१) बमोजिमको जानकारी प्राप्त गरेपछि सो निर्वाचन क्षेत्रमा मतदानको कार्यक्रममा असर नपर्ने गरी उम्मेदवारको मनोनयन सम्बन्धी कार्यक्रम यथाशक्य छिटो पूरा गर्न अर्को कार्यक्रम निर्धारण गरी निर्वाचन अधिकृतलाई पठाउनु पर्नेछ । यसरी कार्यक्रम निर्धारण गर्दा जुन राजनैतिक दलको उम्मेदवारको मृत्यु भएको हो सोही राजनैतिक दलले मात्र पुनः उम्मेदवार मनोनयन गर्न सक्ने गरी कार्यक्रम निर्धारण गर्नु पर्नेछ ।

(४) आयोगले उपदफा (२) बमोजिमको जानकारी प्राप्त गरेपछि सो निर्वाचन क्षेत्रमा मतदान गर्ने मिति लगायत निर्वाचनको लागि यस परिच्छेद बमोजिमको अन्य कार्यक्रम पुनः निर्धारण गरी निर्वाचन अधिकृतलाई पठाउनु पर्नेछ ।

(५) दफा २८ बमोजिम प्रकाशित उम्मेदवारको अन्तिम नामावलीमा नाम रहेको उम्मेदवारले पुनः मनोनयनपत्र दाखिला गर्नु पर्ने छैन र जुन राजनैतिक दलको उम्मेदवारको मृत्यु भएको हो सो राजनैतिक दलको तर्फबाट मात्र पुनः उम्मेदवार मनोनयन गर्न सकिनेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि उम्मेदवारको मृत्यु भई निर्वाचनको कार्यक्रम स्थगित गर्नु पर्दा निर्वाचन कार्यक्रममा लेखिए बमोजिमको काम सम्पन्न गर्नु पर्ने अवधि पन्ध्र दिन भन्दा बढी भएमा पुनः अर्को कार्यक्रम प्रकाशन गर्नु पर्ने छैन, सोही कार्यक्रमको समयावधिभित्र नै मतदानको काममा बाधा नपुग्ने गरी उम्मेदवारको मनोनयन सम्बन्धी काम पूरा गर्नु पर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

३३. उम्मेदवारको परिचयपत्र : यस परिच्छेद बमोजिम अन्तिम नामावलीमा कायम रहेका पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतका उम्मेदवारहरुलाई निर्वाचन अधिकृतले तोकिए बमोजिमको परिचयपत्र समेत दिनेछ।

परिच्छेद-६

मतदान केन्द्र, मतपत्र र मतपेटिका

३४. मतदान केन्द्र : (१) आयोगले निर्वाचन क्षेत्रमा आवश्यक संख्यामा मतदान केन्द्र तथा उपकेन्द्रहरु तोक्नेछ र त्यसको सूची तोकिए बमोजिम प्रकाशन गर्नेछ।

(२) मतदान केन्द्र तोक्ने आधार, प्रक्रिया र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) निर्वाचन अधिकृतले आवश्यक भएमा आयोगको पूर्व स्वीकृति लिई मतदान केन्द्रको संख्यामा थपघट गर्न वा सुविधाजनक वा व्यवहारिक दृष्टिबाट उपयुक्त हुने ठाउँमा मतदान केन्द्र थप्न, घटाउन वा सार्न सक्नेछ।

(४) एउटा मतदान केन्द्रको क्षेत्रभित्र आवश्यकता अनुसार एक वा एकभन्दा बढी मतदान केन्द्र वा उपकेन्द्रहरु वा मतदान कक्षहरु रहन सक्नेछन्।

३५. मतपत्र : (१) आयोगले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तथा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि छुट्टाछुट्टै रङ्गको मतपत्रको व्यवस्था गर्नु पर्नेछ।

(२) मतपत्र सम्बन्धी अन्य व्यवस्था आयोगले तोके बमोजिम हुनेछ।

३६. मतपेटिका : आयोगले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तथा समानुपातिक निर्वाचन प्रणाली अनुरुप हुने निर्वाचनमा मतदानको लागि प्रयोग हुने छुट्टाछुट्टै मतपेटिकाको व्यवस्था गर्नु पर्नेछ।

## परिच्छेद-७

## मतदान

३७. मतदानको समय : मतदान हुने मितिमा मतदान गर्ने समय दफा १६ को उपदफा (१)-बमोजिमको सूचनामा तोके बमोजिम हुनेछ ।

३८. मतदान : (१) कुनै निर्वाचन क्षेत्रको कुनै गाउँ विकास समिति वा नगरपालिकाको कुनै वडाको मतदाता नामावलीमा नाम दर्ता भएको मतदाताले सोही निर्वाचन क्षेत्रको सोही गाउँ विकास समिति वा नगरपालिकाको सोही वडामा मात्र मतदान गर्न पाउनेछ ।

तर अस्थायी मतदातालाई यो बन्देज लागू हुने छैन ।

(२) मतदाताले मतदाता नामावली अनुसार आफूलाई तोकिएको मतदान केन्द्रमा मात्र मतदान गर्न पाउनेछ ।

(३) मतदाताले आफूले मतदान गर्न तोकिएको मतदान केन्द्रमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनको लागि तोकिए बमोजिम मतपत्र लिई सोको लागि राखिएको मतपेटिकामा मतदान गरिसकेपछि समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि तोकिए बमोजिम मतपत्र लिई सोको लागि राखिएको मतपेटिकामा मतदान गर्नु पर्नेछ ।

तर अस्थायी मतदाताले तोकिए बमोजिम समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि मात्र मतदान गर्न सक्नेछ ।

(४) मतदाता नामावलीमा नाम दर्ता भएको मतदाताको नामबाट सो मतदाता बाहेक अन्य कुनै व्यक्तिले मतदान गर्न पाउने छैन ।

(५) यस ऐन बमोजिम मतदान गर्न योग्यता नपुगेको व्यक्तिले निर्वाचनमा मतदान गर्न पाउने छैन ।

(६) कुनै पनि मतदाताले एउटै निर्वाचनमा एकभन्दा बढी निर्वाचन क्षेत्रमा वा एकै निर्वाचन क्षेत्रको एकभन्दा बढी मतदान केन्द्रमा मतदान गर्न पाउने छैन ।



१६२२ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) कुनै पनि मतदाताले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनमा बाहेक कुनै निर्वाचन क्षेत्रमा एकभन्दा बढी पटक मतदान गर्न पाउने छैन।

३९. मतदानको तरिका : (१) मतदान केन्द्रमा मतदानको लागि उपस्थित मतदातालाई मतदान अधिकृतले तोकिए बमोजिमको रीत पुऱ्याई तोकिएको मतपत्र दिनेछ।

(२) मतदातालाई मतपत्र दिनु अघि मतदान अधिकृतले मतदाता नामावलीमा तोकिए बमोजिमको व्यहोरा जनाई तोकिए बमोजिम मतपत्र दिनेछ।

(३) मतदाताले मतपत्रमा तोकिए बमोजिमको छाप वा चिन्ह गोप्य तवरले लगाई मतदान गर्नु पर्नेछ।

(४) मतदाताले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनको हकमा मतपत्रमा आफूले रोजेको कुनै एकजना उम्मेदवारको कोठामा र समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनको हकमा राजनैतिक दलको कोठामा उपदफा (३) बमोजिमको छाप वा चिन्ह लगाई तोकिए बमोजिम मतपेटिकामा खसाली मतदान गर्नु पर्नेछ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मतदान गर्ने प्रयोजनको लागि विद्युतीय उपकरण प्रयोग गरिएको अवस्थामा मतदाताले तोकिए बमोजिम विद्युतीय उपकरणद्वारा मतदान गर्नु पर्नेछ।

४०. विशेष परिस्थितिमा मतदान स्थगित गर्न सकिने : (१) कुनै मतदान केन्द्रमा हुलदङ्गा लगायत अन्य असामान्य परिस्थिति उत्पन्न भई वा कुनै कारणले विद्युतीय उपकरण सञ्चालन हुन नसकी वा उपद्रव वा प्राकृतिक विपत्ति वा आफ्नो काबूबाहिरको कुनै कारणले मतदानको काम हुन नसक्ने कुरामा सो मतदान केन्द्रमा नियुक्त मतदान अधिकृत वा सो निर्वाचन क्षेत्रको निर्वाचन अधिकृत विश्वस्त भएमा निजले सो मतदान केन्द्रको मतदान कार्य तत्काल स्थगित गर्न सक्नेछ र सोको सूचना सोही स्थानमा प्रकाशन गर्नेछ। मतदान



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 9623

अधिकृतले सो मतदान स्थगित गरेको रहेछ भने निजले सोको सूचना तुरुन्त निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदान स्थगित भएको व्यहोराको जानकारी निर्वाचन अधिकृतले तुरुन्त आयोगलाई र अन्य सम्बन्धित अधिकारीलाई समेत दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको जानकारी प्राप्त गरेपछि आयोगले अन्यथा निर्देशन दिएमा बाहेक निर्वाचन अधिकृतले सो मतदान केन्द्रमा पुनः मतदान हुने मिति र समय तोकी सूचना प्रकाशित गरी पुनः मतदान गराउनेछ ।

४१. मतदान केन्द्रको अनधिकृत कब्जा : (१) देहायका अवस्थामा मतदान केन्द्रको अनधिकृत कब्जा भएको मानिनेछ :-

(क) कसैले बल प्रयोग गरी वा डर त्रास देखाई वा धम्की दिई मतदान केन्द्र वा मतदान गर्न निश्चित गरिएको स्थान वा विद्युतीय उपकरण आफ्नो कब्जामा लिई मतदानको कार्यमा प्रभाव पारेमा वा कुनै उम्मेदवारको समर्थक मतदाताहरुलाई मात्र मतदान गर्न दिएमा वा अन्य मतदाताहरुलाई मतदान गर्न नदिएमा,

(ख) कसैले बल प्रयोग गरी वा नगरी मतदातालाई कुनै उम्मेदवारको पक्षमा मतदान गर्न वा नगर्न डर त्रास देखाएमा वा धम्की दिएमा वा मतदान गर्नका लागि मतदान केन्द्र वा मतदान गर्ने स्थानमा जान वा प्रवेश गर्न नदिएमा,

(ग) कसैले बल प्रयोग गरी वा नगरी मतदान कार्य सञ्चालन गर्न खटिएका अधिकारीलाई आफ्नो कर्तव्य पालन गर्न नदिएमा वा निजको जिम्मामा रहेको मतपत्र, मतपेटिका, मतदान गर्न राखिएको विद्युतीय उपकरण वा



१६२४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मतदान सम्बन्धी सामग्री खोसेमा वा अन्य त्यस्तै कार्य गरी मतदानको कार्य निष्पक्ष तथा स्वतन्त्र रुपमा सामान्य ढङ्गले सञ्चालन नहुने वा हुन नसक्ने गरी प्रभावित गरेमा ।

(२) उपदफा (१) बमोजिमको कुनै अवस्था परेमा त्यसको राय सहितको प्रतिवेदन मतदान अधिकृतले निर्वाचन अधिकृतलाई र निर्वाचन अधिकृतले आयोगलाई तुरुन्त दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि आयोगले सो स्थानमा जाँचबुझ गर्न अनुगमन टोली खटाउन सक्नेछ र त्यसरी अनुगमन टोली खटाइएकोमा सो टोलीले दिएको प्रतिवेदन र अन्य वस्तुस्थिति समेतको आधारमा आयोगले सो मतदान केन्द्रको मतदान रद्द गर्न सक्नेछ र यसरी रद्द गरिएको सो मतदान केन्द्रमा आयोगको निर्देशनमा निर्वाचन अधिकृतले पुन: मतदान गर्ने मिति र समय तोक्नेछ ।

(४) उपदफा (२) बमोजिमको प्रतिवेदन र अन्य वस्तुस्थितिबाट मतदान केन्द्रहरुमा अनधिकृत कब्जा भएको कारणले निर्वाचनको परिणाममा प्रभाव पर्ने सम्भावना देखिएमा आयोगले सो निर्वाचन क्षेत्रको निर्वाचन रद्द गर्न सक्नेछ र सो निर्वाचन क्षेत्रमा आयोगको निर्देशनमा निर्वाचन अधिकृतले पुन: मतदान गर्ने मिति र समय तोक्नेछ ।

४२. मतपेटिका, विद्युतीय उपकरण नोक्सान भएमा वा तोडफोड गरिएमा : (१) कुनै मतदान केन्द्रमा मतदानको लागि प्रयोग भएको मतपेटिका वा मतदान गर्न राखिएको विद्युतीय उपकरण दुर्घटनावश नोक्सान भएमा वा जानाजान तोडफोड गरी नोक्सान गरिएमा मतदान अधिकृतले सो मतदान केन्द्र रहेको निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतलाई र निर्वाचन अधिकृतले आयोगलाई त्यसको प्रतिवेदन तुरुन्त दिनु पर्नेछ ।

(२) मतदान अधिकृतले निर्वाचन अधिकृतलाई बुझाइसकेको मतदानको लागि प्रयोग भएको मतपेटिका वा विद्युतीय उपकरण कुनै किसिमले खोसिएमा वा दुर्घटनावश नोक्सान भएमा वा जानाजान तोडफोड गरी नोक्सान गरिएमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

निर्वाचन अधिकृतले आयोगलाई त्यसको राय सहितको प्रतिवेदन तुरुन्त दिनु पर्नेछ ।

(३) आयोगले उपदफा (१) वा (२) बमोजिमको राय सहितको प्रतिवेदन प्राप्त गरेपछि सो सम्बन्धमा सबै घटना र परिस्थितिको जाँचबुझ गर्न अनुगमन टोली खटाउन सक्नेछ र त्यसरी अनुगमन टोली खटाइएकोमा सो टोलीको प्रतिवेदन समेतको अध्ययन गरी सो मतदान केन्द्रको मतदान रद्द गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम मतदान रद्द गरिएको मतदान केन्द्रमा आयोगको निर्देशनमा सम्बन्धित निर्वाचन अधिकृतले पुन: मतदान गर्ने मिति र समय तोक्नेछ र त्यसको सूचना प्रकाशन गर्नेछ ।

४३. नाम ढाँटी मतदान गर्न आएमा विरोध गर्ने : (१) कुनै व्यक्तिले आफ्नो नाम ढाँटी अर्को मतदाताको नामले मतदान गर्नको लागि मतपत्र लिन आएमा राजनैतिक दल वा उम्मेदवार वा तिनको प्रतिनिधिले तोकिए बमोजिमको रकम धरौटी राखी मतदान अधिकृत समक्ष तोकिए बमोजिम विरोध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विरोध भएमा मतदान अधिकृतले सो सम्बन्धमा ठाडो बुझी तत्काल निर्णय गर्नु पर्नेछ र यसरी पर्न आएको विरोध र सोको निर्णय तोकिए बमोजिमको निर्णय किताबमा तुरुन्त जनाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम विरोध ठीक ठहरेमा मतदान अधिकृतले सो धरौटी रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिनेछ । विरोध ठीक नठहरेमा सो धरौटी रकम जफत हुनेछ ।

४४. मतदान केन्द्रमा प्रवेश : (१) मतदान अधिकृतले मतदान केन्द्रमा देहायका व्यक्तिहरु बाहेक अरु कसैलाई प्रवेश गर्न दिने छैन :-

(क) मतदाताहरु,

(ख) राजनैतिक दलको प्रतिनिधि वा उम्मेदवार वा निजको एकजना प्रतिनिधि,

(ग) आयोगबाट अनुमति प्राप्त पर्यवेक्षकहरु,



१०२९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतबाट अनुमति पाएका व्यक्तिहरु ।

(२) मतदानको समय समाप्त भएपछि मतदान केन्द्रमा प्रवेश गरिसकेका मतदाता बाहेक अन्य मतदाताले मतदान केन्द्रमा प्रवेश गर्न पाउने छैन ।

४५. मतदान अधिकृतले निरीक्षण गर्ने : कुनै मतदाता मत सङ्केत गर्ने स्थानमा मनासिब समय भन्दा बढी समयसम्म बसेमा वा मतदान अधिकृतलाई कुनै शङ्का लागेमा निजले मत सङ्केत गर्ने स्थानमा प्रवेश गरी निरीक्षण गर्न सक्नेछ ।

४६. अशक्त मतदाता : (१) कुनै मतदाताले शारीरिक अशक्तता वा अरु कुनै कारणवश आफै मतदान गर्न नसक्ने भई आफ्नो पत्यारको कुनै व्यक्तिलाई साथ लैजान अनुमति मागेमा र मतदान अधिकृतले सो उपयुक्त सम्झेमा त्यस्तो व्यक्तिलाई मतदाताको साथमा मत सङ्केत गर्ने स्थानमा प्रवेश गर्न अनुमति दिनेछ ।

(२) कुनै मतदाता स्वयं मतदान गर्न असमर्थ भई मतदान अधिकृतलाई मतपत्रमा आफूले रोजेको चिन्ह रहेको कोठामा मत सङ्केत गरिदिन अनुरोध गरेमा वा निजले निजको तर्फबाट अन्य कुनै व्यक्तिलाई आफूले रोजेको चिन्ह रहेको कोठामा मत सङ्केत गरिदिनका लागि मतदान अधिकृत समक्ष अनुरोध गरेमा सो मतदान अधिकृतले वा सो मतदाताको इच्छा अनुसार निजको हकमा निजले रोजेको व्यक्तिलाई मत सङ्केत गर्ने काममा सहयोग पुऱ्याउने व्यवस्था गर्नु पर्नेछ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दृष्टिविहीन, अपाङ्ग, वृद्ध, गर्भवति महिला वा यस्तै प्रकारको कुनै शारीरिक अशक्तता भएको मतदाताको लागि आयोगले मतदान गर्ने विशेष व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद-८

## मतगणना र निर्वाचन परिणाम

४७. निर्वाचन अधिकृतले मतगणना गर्नु गराउनु पर्ने : निर्वाचन अधिकृतले आफ्नो निर्वाचन क्षेत्रको निर्वाचनको मतगणना गर्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

9626

काम आफ्नो प्रत्यक्ष रेखदेख तथा नियन्त्रणमा गर्नु गराउनु पर्नेछ ।

४८. मतगणनाको सूचना : निर्वाचन क्षेत्रका सबै मतदान केन्द्रको मतदान भएका सबै मतपेटिकाहरु मतदान अधिकृतबाट प्राप्त गरेपछि निर्वाचन अधिकृतले मतगणना गर्ने स्थान, मिति र समयको सूचना राजनैतिक दल तथा उम्मेदवारहरुको जानकारीको लागि प्रकाशन गर्नु पर्नेछ । यसरी मतगणनाको समय तोक्दा सम्भव भएसम्म दुवै निर्वाचन प्रणाली अन्तर्गतको मतगणना एकै समयमा हुने गरी तोक्नु पर्नेछ र त्यसरी एकै समयमा मतगणना गर्न सम्भव नभएमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत भएको निर्वाचनको मतगणनालाई प्राथमिकता दिनु पर्नेछ ।

४९. मतगणना : (१) निर्वाचन अधिकृतले दफा ४८ बमोजिमको सूचनामा उल्लेख गरिएको स्थान, मिति र समयमा सम्भव भएसम्म दुवै निर्वाचन प्रणाली अन्तर्गतको मतगणना एकै समयमा प्रारम्भ गर्नु पर्नेछ र एकै समयमा प्रारम्भ गर्न नसकिएमा पहिले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत भएको निर्वाचनको मतको तोकिए बमोजिम मतगणना प्रारम्भ गर्नु पर्नेछ र सो मतगणनाको काम समाप्त भएपछि समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत भएको निर्वाचनमा राजनैतिक दलले प्राप्त गरेको मतको तोकिए बमोजिम मतगणना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मतगणना गर्ने स्थान, मिति र समयमा राजनैतिक दल, उम्मेदवार वा तिनको निर्वाचन प्रतिनिधि र आवश्यकता अनुसार मतगणना प्रतिनिधि उपस्थित रहन सक्नेछन् ।

(३) यस ऐन बमोजिम कुनै निर्वाचन क्षेत्रको कुनै मतदान केन्द्रमा पुनः मतदान गर्नु पर्ने भएमा त्यस्तो मतदान केन्द्रको मतदानको कार्य समाप्त नभएसम्म सो निर्वाचन क्षेत्रको अन्य मतदान केन्द्रको मतगणना प्रारम्भ गरिने छैन ।

५०. मतगणना गर्ने स्थानमा प्रवेश : (१) निर्वाचन अधिकृतले राजनैतिक दलको प्रतिनिधि वा उम्मेदवार वा निजको निर्वाचन



962C

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रतिनिधि तथा मतगणना प्रतिनिधि, मतगणनाको काममा खटिएका व्यक्तिहरु, पर्यवेक्षण तथा अनुगमनका लागि खटिएका व्यक्तिहरु, सुरक्षाको लागि खटिएका कर्मचारीहरु तथा आयोगले खटाएको व्यक्तिलाई मतगणना गर्ने स्थानमा प्रवेश गर्न अनुमति दिन सक्नेछ ।

(२) मतगणना गर्ने काममा बाधा पुऱ्याउने कुनै पनि व्यक्तिलाई निर्वाचन अधिकृतले मतगणना गर्ने स्थानबाट बाहिर जान आदेश दिन सक्नेछ र त्यस्तो आदेश पाएको व्यक्तिले मतगणना गर्ने स्थानबाट बाहिर जानु पर्नेछ । सो आदेश पालन नगरी अटेर गर्ने व्यक्तिलाई निर्वाचन अधिकृतको आदेशले सुरक्षाकर्मीले सो स्थानबाट बाहिर पठाउनेछ ।

५१. मतगणना लगातार गर्ने : (१) निर्वाचन अधिकृतले मतगणना प्रारम्भ गरेपछि मतगणना समाप्त नभएसम्म सो मतगणनाको काम लगातार गर्नु पर्नेछ ।

(२) काबूबाहिरको परिस्थिति परी मतगणनाको काम बीचैमा रोक्नु परेमा निर्वाचन अधिकृतले गणना गरिसकेका मतपत्रहरु, मतगणना अभिलेखहरु, मतगणना गर्न बाँकी रहेका मतपत्रहरु र मतगणना गर्न बाँकी मतपेटिकाहरुको लगत समेत अलग-अलग खाम, थैलो वा बोरामा बन्द गरी आफ्नो लाहाछाप लगाउनु पर्नेछ । राजनैतिक दल वा उम्मेदवार वा तिनको मतगणना प्रतिनिधि वा निर्वाचन प्रतिनिधिले समेत त्यस्तो खाम, थैलो वा बोरामा आफ्नो लाहाछाप लगाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रोकिएको मतगणनाको काम यथाशक्य पुनः प्रारम्भ गर्नु पर्नेछ । यस उपदफा बमोजिम मतगणना पुनः प्रारम्भ हुने सूचना सो स्थानमा उपस्थित राजनैतिक दल वा उम्मेदवार वा तिनको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई दिनु पर्नेछ र मतगणना गर्ने स्थानमा समेत प्रकाशन गर्नु पर्नेछ ।

तर कुनै राजनैतिक दल वा उम्मेदवार वा तिनका प्रतिनिधि उपस्थित हुन नआएको कारणले मतगणना गर्ने काममा बाधा पुगेको मानिने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

५२. मतगणना पूरा हुनु अघि मतपत्र नोक्सान भएमा : (१) मतगणना पूरा हुनुभन्दा पहिले कुनै मतदान केन्द्रमा प्रयोग गरिएको मतपत्र, मतपत्र रहेको मतपेटिका वा मतदानको लागि राखिएको विद्युतीय उपकरण निर्वाचन अधिकृतको नियन्त्रणबाट गैरकानूनी तवरले अन्यत्र लगिएमा वा खोलिएमा वा नोक्सान गरिएमा वा तोडफोड गरिएमा वा हराएमा वा दुर्घटनावश नोक्सान भएमा निर्वाचन अधिकृतले मतगणनाको काम स्थगित गरी सो कुराको प्रतिवेदन आयोगलाई तुरुन्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतगणनाको काम स्थगित गरिएपछि आयोगले त्यस्तो मतदान केन्द्रको सम्पूर्ण मतदान अवैध भएको घोषणा गर्नेछ र आयोगको निर्देशनमा निर्वाचन अधिकृतले त्यस्तो मतदान केन्द्रमा पुन: मतदान गर्ने स्थान, मिति र समय तोकी सूचना प्रकाशन गर्नेछ ।

५३. मतगणनास्थलको अनधिकृत कब्जा : (१) देहायका अवस्थामा मतगणनास्थलको अनधिकृत कब्जा भएको मानिनेछ :-

(क) कसैले बल प्रयोग गरी वा डर त्रास देखाई वा धम्की दिई मतगणना स्थललाई आफ्नो कब्जामा लिएमा वा मतगणनाको कार्यमा संलग्न रहेका अधिकारी वा कर्मचारीबाट मतपत्र वा त्यस्तो मतपत्र रहेका मतपेटिका वा मतदान गर्नको लागि राखिएको विद्युतीय उपकरण आफ्नो कब्जामा लिएमा वा यस्तै अन्य कार्य गरी मतगणनाको कार्यमा दखल दिएमा वा प्रभावित पारेमा, वा

(ख) मतगणनाको कार्यमा संलग्न रहेको कुनै व्यक्तिले खण्ड (क) बमोजिमको कार्य गरेमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा वा अनुमति दिएमा ।

(२) उपदफा (१) बमोजिम मतगणनास्थलको अनधिकृत कब्जा भएमा निर्वाचन अधिकृतले मतगणनाको कार्य तत्काल स्थगित गरी त्यसको प्रतिवेदन आयोगलाई तुरुन्त दिनु पर्नेछ ।



१६३०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन प्राप्त भएमा आयोगले सो घटनाको सम्बन्धमा कुनै जाँचबुझ गर्नु पर्ने ठहऱ्याएमा आयोगको आयुक्त वा अनुगमन टोली खटाई जाँचबुझ गराउन सक्नेछ ।

(४) उपदफा (२) बमोजिमको प्रतिवेदनको आधारमा वा उपदफा (३) बमोजिम जाँचबुझ गर्न खटाइएको आयुक्त वा अनुगमन टोलीको प्रतिवेदनको आधारमा सो मतगणनास्थल उपदफा (१) बमोजिम अनधिकृत तवरले कब्जा भएको भन्ने ठहऱ्याएमा सो कब्जाबाट असर परेको मतदान केन्द्रहरुको सम्पूर्ण मतपत्रहरु अवैध घोषित गरी मतदान रद्द गर्न सक्नेछ ।

(५) आयोगबाट उपदफा (४) बमोजिम मतदान रद्द गरिएको मतदान केन्द्रमा निर्वाचन अधिकृतले पुनः मतदान हुने स्थान, मिति र समय तोकी सूचना प्रकाशन गर्नेछ ।

५४. <u>मतपत्र बदर हुने अवस्था</u> : देहायका अवस्थामा मतपत्र बदर हुनेछ :-

(क) सम्बन्धित मतदान अधिकृतको सही नभएको,

(ख) तोकिए बमोजिम मत सङ्केत नगरी अन्य कुनै किसिमले मत सङ्केत गरिएको वा अन्य कुनै चिन्ह लेखिएको,

(ग) मत सङ्केतको चिन्ह नबुझिने गरी प्रयोग गरिएको,

(घ) उम्मेदवार वा राजनैतिक दलको चिन्ह रहेको कोठामा तोकिए बमोजिम मत सङ्केत नगरी अन्यत्र मत सङ्केत गरिएको,

(ङ) मत नदिने निश्चय गरी मतदान अधिकृतलाई फिर्ता दिइएको,

(च) कुन उम्मेदवार वा राजनैतिक दलको लागि मत दिएको हो सो नछुट्टिने गरी मत सङ्केत गरिएको,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) एकभन्दा बढी उम्मेदवारको कोठाहरुमा कुन उम्मेदवारलाई मत सङ्केत गरिएको भन्ने छुट्याउन नसकिने गरी मत सङ्केत गरेको,

(ज) सम्बन्धित मतदान केन्द्रको लागि निर्धारित गरिएको मतपत्र बाहेक अन्य मतपत्रद्वारा मतदान गरिएको,

(झ) आयोगले जारी गरेको मतपत्र बाहेक अन्य मतपत्र प्रयोग गरिएको,

(ञ) सम्बन्धित निर्वाचन क्षेत्रको लागि प्रयोग गर्नु पर्ने मतपत्र अन्य निर्वाचन क्षेत्रको लागि प्रयोग गरेको ।

५५. पुन: मतगणना : (१) कुनै मतदान केन्द्रको मतगणना समाप्त नहुँदै वा गणना गरिएको मतपत्र सिलबन्दी हुनुभन्दा पहिले समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत भएको निर्वाचनको मतगणनाको सम्बन्धमा कुनै राजनैतिक दलको प्रतिनिधि र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत भएको निर्वाचनको मतगणनाको सम्बन्धमा सम्बन्धित निर्वाचन क्षेत्रको कुनै उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले केही वा सबै मतपत्र दोहोऱ्याई गन्ती गराई पाउँ भनी तत्काल निर्वाचन अधिकृत समक्ष कारण सहित लिखित निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा निर्वाचन अधिकृतले सो निवेदन तत्कालै दर्ता गरी दोहोऱ्याई मतगणना गर्नु पर्ने देखिएमा दोहोऱ्याई मतगणना गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्वाचन अधिकृतले दोहोऱ्याई मतगणना गर्नु नपर्ने भएमा सोही व्यहोराको निर्णय गरी सो स्थानमा उपस्थित रहेका निज उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई निर्वाचन परिणामको घोषणा गर्नुभन्दा पहिले सो निर्णयको सूचना दिनु पर्नेछ ।



९८३२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५६. मत बराबर भएमा : पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत भएको निर्वाचनमा मतगणनाको काम पूरा भइसकेपछि दुई वा दुई भन्दा बढी उम्मेदवारको मत बराबर भएमा निर्वाचन अधिकृतले मत बराबर पाउने उम्मेदवारहरुका बीच गोला हाली निर्णय गर्नेछ ।

५७. पहिलो हुने निर्वाचित हुने निर्वाचन परिणामको प्रकाशन : (१) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत कुनै निर्वाचन क्षेत्रमा मतदान भएको सबै मतदान केन्द्रहरुको मतगणनाको कार्य पूरा भइसकेपछि निर्वाचन अधिकृतले तोकिए बमोजिम मतगणनाको तालिका तयार गरी तोकिए बमोजिम निर्वाचन परिणाम प्रकाशन गर्नेछ र सो परिणाम तालिकाको एक प्रति तुरुन्त आयोगमा पठाउनु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम निर्वाचनको परिणाम प्रकाशित गर्दा सबैभन्दा बढी सदर मत पाउने उम्मेदवार निर्वाचित भएको घोषणा गर्नु पर्नेछ र तोकिए बमोजिम निर्वाचित भएको प्रमाणपत्र दिनु पर्नेछ ।

(३) निर्वाचनको परिणाम प्रकाशित गरिसकेपछि निर्वाचन अधिकृतले निर्वाचन सम्बन्धी तोकिए बमोजिम विवरणहरु समेत भएको आफ्नो प्रतिवेदन तयार गरी आयोगमा यथाशीघ्र पठाउनु पर्नेछ ।

(४) आयोगले उपदफा (१) बमोजिम निर्वाचन परिणाम तालिका प्राप्त गरेपछि निर्वाचित सदस्यहरुको नामावली तयार गरी त्यस्तो नामावलीको एक प्रति राष्ट्रपति समक्ष पठाउनेछ र आयोगले सो नामावली नेपाल राजपत्रमा समेत प्रकाशन गर्नेछ ।

५८. समानुपातिक निर्वाचनको परिणामको घोषणा : (१) निर्वाचन अधिकृतले समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनको लागि खसेको मतपत्रको गणना गरी प्रत्येक राजनैतिक दलले प्राप्त गरेको कुल सदर मत संख्या तोकिए बमोजिम तालिकामा खुलाई आयोग समक्ष तुरुन्त पठाउनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) सम्पूर्ण मुलुकलाई एक निर्वाचन क्षेत्र मानी निर्वाचन भएको समानुपातिक निर्वाचन प्रणालीको निर्वाचनमा राजनैतिक दलहरुले प्राप्त गरेको कुल सदर मत संख्याको विवरण मुलुकभरबाट प्राप्त गरिसकेपछि प्रत्येक राजनैतिक दलले प्राप्त गरेको कुल सदर मत संख्याको अनुपातमा सो राजनैतिक दलले आयोग समक्ष पेश गरेको उम्मेदवारको बन्दसूचीमा सूचीकृत उम्मेदवारहरुमध्ये दफा ७ को उपदफा (७) बमोजिम राजनैतिक दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिको निर्णयले छनौट गरी आयोग समक्ष पेश भएका उम्मेदवारहरु निर्वाचित भएको घोषणा आयोगले गर्नेछ । यसरी निर्वाचित भएको उम्मेदवारको नाम आयोगले राष्ट्रपति समक्ष पठाउनु पर्नेछ र आयोगले सो नामावली नेपाल राजपत्रमा समेत प्रकाशन गर्नेछ ।

(३) समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत भएको निर्वाचनमा राजनैतिक दलले प्राप्त गरेको कुल सदर मत संख्याको अनुपातमा सो राजनैतिक दलले प्राप्त गर्ने सीट संख्याको निर्धारण गर्ने प्रयोजनको लागि आयोगले अनुसूची-३ मा उल्लेख भए बमोजिमको मत परिणाम विभाजक सूत्र अनुसार सो राजनैतिक दलले प्राप्त गर्ने सीट संख्याको निर्धारण गरिनेछ ।

(४) उपदफा (३) मा लेखिए अनुसार मत परिणाम विभाजक सूत्र अनुसार राजनैतिक दलहरुले प्राप्त गरेको कुल सदर मतलाई भाग गरी दलले प्राप्त गर्ने सीट संख्या बाँडफाँड गर्दा कुनै सीटका सम्बन्धमा एकभन्दा बढी राजनैतिक दलको बराबर भागफल रहेको पाइएमा गोला हाली उक्त सीट कुन राजनैतिक दलले प्राप्त गर्ने भन्ने कुराको निर्धारण गरिनेछ ।

५९. निर्वाचित मिति : (१) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत भएको निर्वाचनको सम्बन्धमा निर्वाचन अधिकृतले दफा ५७ बमोजिम निर्वाचनको परिणाम प्रकाशन गरेको मितिलाई सम्बन्धित उम्मेदवार निर्वाचित भएको मिति मानिनेछ ।

(२) समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत भएको निर्वाचनको सम्बन्धमा आयोगले दफा ५८ बमोजिम उम्मेदवारको



ac 24

बन्दसूचीमा नाम रहेका राजनैतिक दलको उम्मेदवार विजयी भएको घोषणा गरेको मितिलाई त्यस्ता उम्मेदवार निर्वाचित भएको मिति मानिनेछ ।

६०. संविधान सभा सदस्यको शपथ ग्रहण : (१) दफा ३ बमोजिम निर्वाचित वा मनोनयन भएको सदस्यले संविधान सभा वा यसको कुनै समितिको पहिलो बैठकमा भाग लिनु अघि संविधान सभाको अध्यक्षता गर्ने व्यक्ति समक्ष अनुसूची-४ बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।

तर संविधानको धारा ७१ को उपधारा (३) बमोजिम अध्यक्षता गर्ने सदस्यले राष्ट्रपति समक्ष शपथ लिनु पर्नेछ ।

(२) कुनै सदस्यले आफ्नो मातृभाषामा शपथ लिन चाहेमा त्यस्तो सदस्यले उपदफा (१) बमोजिमको शपथको व्यहोरा आफ्नो मातृभाषामा अनुवाद गरी सो अनुवादको प्रति संविधान सभा वा यसको कुनै समितिको पहिलो बैठकमा भाग लिनु तीन दिन अगावै व्यवस्थापिका-संसदको महासचिवलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) यस दफा बमोजिम सदस्यले शपथ लिए पछि आफुले लिएको शपथको प्रतिमा हस्ताक्षर गरी संविधान सभाको अध्यक्षता गर्ने व्यक्ति समक्ष पेश गर्नु पर्नेछ ।

(४) कुनै सदस्यले आफ्नो मातृभाषामा शपथ लिएकोमा सरकारी कामकाजको नेपाली भाषा र अन्य नेपाली मातृभाषाको शपथका प्रतिहरुमा हस्ताक्षर गरी संविधान सभाको अध्यक्षता गर्ने व्यक्ति समक्ष पेश गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम सदस्यले लिएको शपथको अभिलेख व्यवस्थापिका-संसद सचिवालयले राख्नेछ ।

## परिच्छेद-९

## उम्मेदवारको प्रतिनिधि

६१. निर्वाचन प्रतिनिधि : (१) कुनै उम्मेदवारले कुनै व्यक्तिलाई निर्वाचनको लागि आफ्नो निर्वाचन प्रतिनिधि नियुक्त गरेमा सोको लिखित सूचना निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

(२) समानुपातिक निर्वाचन प्रणालीको निर्वाचनको सम्पूर्ण काम कारबाहीमा राजनैतिक दलले तोकिए बमोजिम आफ्नो निर्वाचन प्रतिनिधिको नियुक्ति गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम नियुक्त भएको निर्वाचन प्रतिनिधिलाई उम्मेदवार वा राजनैतिक दलले जुनसुकै बखत बदर गरी अर्को निर्वाचन प्रतिनिधि नियुक्त गर्न सक्नेछ र त्यसको सूचना निर्वाचन अधिकृतलाई तुरुन्त दिनु पर्नेछ।

(४) निर्वाचन प्रतिनिधिको योग्यता तोकिए बमोजिम हुनेछ।

६२. निर्वाचन प्रतिनिधिको कर्तव्य : दफा ६१ बमोजिम नियुक्त निर्वाचन प्रतिनिधिले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा निर्वाचन प्रतिनिधिले गर्नु पर्ने भनी उल्लेख गरे बमोजिमको काम गर्नु निजको कर्तव्य हुनेछ।

६३. मतदान प्रतिनिधि र मतगणना प्रतिनिधि : (१) उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि राजनैतिक दल वा दलको प्रतिनिधिले प्रत्येक मतदान केन्द्रको लागि तोकिए बमोजिम मतदान प्रतिनिधि नियुक्त गर्न सक्नेछ र त्यसको लिखित सूचना मतदान अधिकृत र निर्वाचन अधिकृतलाई दिनु पर्नेछ।

(२) उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा राजनैतिक दल वा दलको प्रतिनिधिले मतगणनास्थलमा उपस्थित रहन तोकिए बमोजिम मतगणना प्रतिनिधि नियुक्त गर्न सक्नेछ र त्यसको लिखित सूचना निर्वाचन अधिकृतलाई दिनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम नियुक्त भएको मतदान प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई उम्मेदवार वा निर्वाचन प्रतिनिधिले जुनसुकै बखत बदर गरी अर्को मतदान प्रतिनिधि वा मतगणना प्रतिनिधि नियुक्त गर्न सक्नेछ र मतदान प्रतिनिधि नियुक्त गरिएकोमा मतदान अधिकृतलाई र मतगणना प्रतिनिधि नियुक्त गरिएकोमा निर्वाचन अधिकृतलाई तुरुन्त जानकारी दिनु पर्नेछ।

(४) मतदान प्रतिनिधि र मतगणना प्रतिनिधिको योग्यता तोकिए बमोजिम हुनेछ।



१०६३६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६४. मतदान प्रतिनिधि र मतगणना प्रतिनिधिको कर्तव्य : (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम मतदान प्रतिनिधिले मतदान केन्द्रमा गर्नु पर्ने सबै काम गर्नु निजको कर्तव्य हुनेछ ।

(२) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम मतगणना प्रतिनिधिले गर्नु पर्ने सबै काम गर्नु निजको कर्तव्य हुनेछ ।

६५. उम्मेदवार वा कुनै प्रतिनिधि अनुपस्थित रहेमा : यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि वा मतगणना प्रतिनिधि नियुक्त नभएमा वा उम्मेदवार वा निजको कुनै प्रतिनिधि उपस्थित रहनु पर्ने अवस्थामा उपस्थित नरहेमा वा निजहरुमध्ये कसैले गर्नु पर्ने काम नगरेमा सोही कारणले मात्र मतदानको वा मतगणनाको काम रोकिने छैन र यस्तो काम अवैध मानिने छैन ।

## परिच्छेद-१०

## विविध

६६. उपनिर्वाचन : पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित संविधान सभा सदस्यको पद संविधान सभाको अवधि छ महिना भन्दा बढी कायम रहँदै कुनै कारणले रिक्त भएमा आयोगले त्यस्तो रिक्त पद उपनिर्वाचनद्वारा पूर्ति गर्नेछ ।

६७. निविदा मतपत्र सम्बन्धी व्यवस्था : (१) कसैले अर्को मतदाताको नामबाट मतपत्र लिइसकेको वा मतदान गरिसकेको र पछिबाट मतदान गर्न आउने व्यक्ति नै वास्तविक मतदाता हो भन्ने कुरा निजले पेश गरेको प्रमाणबाट देखिन आएमा मतदान अधिकृतले त्यस्तो मतदातालाई निविदा मतपत्र दिनेछ । त्यस्तो निविदा मतपत्र दिएकोमा सो मतपत्रमा मतदाताले आफ्नो मत सङ्केत गरिसकेपछि त्यस्तो मतपत्र मतपेटिकामा नहाली सो प्रयोजनको लागि राखिएको छुट्टै खाममा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निविदा मतपत्र दिने, राख्ने र तत्सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ । 636

(३) यस ऐन बमोजिम मतगणना गर्दा उपदफा (१) बमोजिम छुट्टै खाममा राखिएका निविदा मतपत्रहरु सो समयमा गणना गरिने छैन । निर्वाचन सम्बन्धी उजूरी पर्न आई सो उजूरीको निर्णय गर्नको लागि आवश्यक पर्ने भनी अदालतले ठहर गरेमा सो अदालतले त्यस्तो निविदा मतपत्रहरु समेत गणना गर्न सक्नेछ ।

६८. धरौटी राख्नु पर्ने : (१) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा कुनै एक निर्वाचन क्षेत्रबाट उम्मेदवार हुनको लागि तीन हजार रुपैयाँ र समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा आयोग समक्ष उम्मेदवारको बन्दसूची पेश गर्ने राजनैतिक दलले दश हजार रुपैयाँ धरौटी राख्नु पर्नेछ ।

(२) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा कुनै एक निर्वाचन क्षेत्रबाट एउटै उम्मेदवारको निमित्त एकभन्दा बढी मनोनयनपत्र दाखिला भएको अवस्थामा एउटा मनोनयनको लागि मात्र धरौटी राखे पुग्नेछ ।

(३) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनको लागि उम्मेदवारको लागि मनोनयनपत्र दाखिला गर्दा निर्वाचन अधिकृतको कार्यालयमा नगद धरौटी राखेको बैङ्क रसिद वा नगदै मनोनयनपत्र साथ संलग्न गर्नु पर्नेछ । समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनको लागि राजनैतिक दलले उम्मेदवारको बन्दसूची पेश गर्दा आयोगमा नगद धरौटी राखेको रसिद वा आयोगको नाममा बैङ्क रसिद त्यस्तो बन्दसूची साथ संलग्न गरी पेश गर्नु पर्नेछ ।

६९. धरौटी जफत हुने : (१) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतको कुनै निर्वाचनमा मतदान गरिएको जम्मा सदर मतको दश प्रतिशत भन्दा कम सदर मत पाउने उम्मेदवारको धरौटी जफत हुनेछ ।

तर निर्वाचित उम्मेदवारको हकमा यो कुरा लागू हुने छैन ।

(२) समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनमा कुनै राजनैतिक दलले मतदान भएको कुल सदर



9636

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मतमध्ये कम्तीमा एक सीट प्राप्त नगरेमा राजनैतिक दलले राखेको धरौटी जफत हुनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम धरौटी जफत हुने अवस्थामा बाहेक अन्य उम्मेदवार र मनोनयनपत्र स्वीकृत नभएको वा नाम फिर्ता लिएका व्यक्तिले राखेको धरौटी सो निर्वाचन परिणाम घोषणा भएको मितिले तीन महिनाभित्र सम्बन्धित व्यक्तिले फिर्ता लिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको म्यादभित्र धरौटी फिर्ता नलिएमा सो धरौटीको रकम सञ्चित कोषमा दाखिला हुनेछ ।

७०. निर्वाचन खर्च : (१) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा उम्मेदवारले र समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा राजनैतिक दलले खर्च गर्न पाउने रकमको हद आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम हुनेछ ।

(२) राजनैतिक दल, उम्मेदवार वा तिनको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण तोकिएको ढाँचामा तोकिए बमोजिम राख्नु पर्नेछ ।

स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि "निर्वाचनको अवधि" भन्नाले कुनै निर्वाचन क्षेत्रमा उम्मेदवारको मनोनयनपत्र वा समानुपातिक निर्वाचनका लागि उम्मेदवारको बन्दसूची दर्ता भएको मिति देखि त्यस्तो निर्वाचनको परिणाम घोषणा भएको मितिसम्मको अवधि सम्झनु पर्छ ।

(३) कुनै राजनैतिक दल वा उम्मेदवारले निर्वाचनमा गरेको जम्मा खर्च उपदफा (१) बमोजिम तोकिएको खर्चको रकमको हदभन्दा बढी हुनु हुँदैन ।

(४) उपदफा (२) बमोजिमको निर्वाचन खर्चको विवरण समानुपातिक निर्वाचनको हकमा राजनैतिक दलले निर्वाचन परिणाम घोषणा भएको मितिले पैंतीस दिनभित्र आयोग समक्ष र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा भाग लिने उम्मेदवारका हकमा त्यस्ता उम्मेदवार वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निजका प्रतिनिधिले निर्वाचन परिणाम घोषणा भएको मितिले पैंतीस दिनभित्र जिल्ला निर्वाचन कार्यालय समक्ष पेश गर्नु पर्नेछ । यसरी प्राप्त भएको खर्चको विवरण जिल्ला निर्वाचन कार्यालयले आयोगमा पठाउनु पर्नेछ ।

७१. निर्वाचन सम्बन्धी कागजातको गोप्यता : (१) निर्वाचनमा प्रयोग भएको कागजातमध्ये मतगणनाको प्रयोजनको लागि आवश्यकता अनुसार खोली हेरी मतगणनाको काम समाप्त भएपछि सिलबन्दी गरी जिल्ला निर्वाचन अधिकारीको जिम्मामा राखिनेछ ।

(२) उपदफा (१) बमोजिम सिलबन्दी भइरहेको मतपत्रको अर्धकट्टी, मतदानमा प्रयोग गरिएको मतदाता नामावली र सदर तथा बदर भएको मतपत्रहरु राखिएको सिलबन्दी खाम, थैलो वा बोरा प्रचलित कानून बमोजिम परेको उजूरीको सिलसिलामा अदालतले मात्र खोल्न र हेर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अदालतको आदेशले खोली हेरिसकेपछि सो अदालतले ती कागजात यथारुपमा सिलबन्दी गरी राख्नु पर्नेछ । अदालत बाहेक अन्य कुनै अधिकारी वा निकायलाई त्यस्तो बन्दी खाम, थैलो वा बोरा खोली हेर्ने अधिकार हुने छैन ।

(४) यस दफामा उल्लिखित कागजहरु मुद्दा परेकोमा मुद्दाको अन्तिम टुङ्गो लागेको मितिले र मुद्दा नपरेकोमा उजूरी गर्ने म्याद भुक्तान भएको मितिले तीन महिनासम्म सुरक्षित राख्नु पर्नेछ ।

७२. गोप्यता भङ्ग गर्न नहुने : (१) कानून बमोजिम अधिकार पाएकोमा बाहेक निर्वाचन सम्बन्धी काम गर्न खटिएको कुनै पनि कर्मचारी वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि वा मतगणना प्रतिनिधि वा अन्य कुनै व्यक्तिले मतपत्रमा मतदाताले सङ्केत गरेको मत वा तत्सम्बन्धमा आफूलाई जानकारी रहेको वा हुन आएको अन्य कुनै कुरा कसैलाई भन्न, लेख्न वा कुनै किसिमले प्रकाश समेत गर्नु हुँदैन ।

(२) यो ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत चलेको कानूनी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कारबाहीमा कुनै पनि साक्षी वा कुनै व्यक्तिलाई निर्वाचनमा निजले कसलाई मत दिएको हो भनी वा कसले कसलाई मत दिएको हो भनी प्रश्न गरिने छैन ।

७३. आदेश जारी गर्ने र निर्देशन दिने : (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा लेखिएको कुराका अतिरिक्त निर्वाचनको सम्बन्धमा आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक आदेश जारी गर्न सक्नेछ ।

(२) आयोगले निर्वाचन सञ्चालनको लागि निर्वाचनको काममा खटिएका कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) यस दफा बमोजिम आयोगले जारी गरेको आदेश र निर्देशन पालन गर्नु नेपाल सरकार, सरकारी कार्यालय तथा निकाय, सरकारी, अर्धसरकारी तथा गैरसरकारी संस्था तथा निकाय, राजनैतिक दल, उम्मेदवार, निजको प्रतिनिधि, निर्वाचन सम्बन्धी काम कारबाहीको प्रचार प्रसार गर्ने व्यक्तिहरु तथा निर्वाचनको काममा खटिएका कर्मचारीहरु समेतको कर्तव्य हुनेछ ।

७४. मद्दत लिन सकिने : (१) निर्वाचन अधिकृत, मतदान अधिकृत वा आयोगले निर्वाचनको काममा खटाएको अनुगमन टोली, पर्यवेक्षक वा अन्य कुनै अधिकृतले निर्वाचनको कामको सिलसिलामा स्थानीय तहमा रहेका प्रहरी लगायतका कुनै पनि सरकारी वा सुरक्षा सम्बन्धी अन्य निकायको मद्दत लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मद्दत मागिएमा आवश्यक मद्दत पुर्‍याउनु सम्बन्धित प्रहरी लगायतका सरकारी तथा सुरक्षा सम्बन्धी अन्य निकायको कर्तव्य हुनेछ ।

७५. नियम बनाउने अधिकार : यो ऐन कार्यान्वयन गर्न आयोगले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

७६. निर्देशिका बनाई लागू गर्न सक्ने : यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरुको अधीनमा रही यो ऐन कार्यान्वयन गर्न आयोगले आवश्यक निर्देशिकाहरु बनाई लागू गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

७७. कार्यविधि बनाउन सक्ने : यो ऐन तथा यस ऐन अन्तर्गत बनेका नियमको कार्यान्वयनका सम्बन्धमा आयोगले आवश्यक कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

७८. बाधा अड्काउ फुकाउने : यो ऐन तथा यस ऐन अन्तर्गत जारी भएको नियम, निर्देशिका तथा आदेशको कार्यान्वयन गर्दा कुनै बाधा आइपरेमा आयोगले आवश्यक आदेश जारी गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-१

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

उम्मेदवारको बन्दसूचीको लागि उम्मेदवारको प्रतिशत

| क.सं. | प्रतिनिधित्व हुने समूह | | उम्मेदवारको प्रतिशत |
|---|---|---|---|
| | महिला | | ५० % |
| १. | मधेसी | महिला | १५.६% |
| | | पुरुष | १५.६ % |
| २. | दलित | महिला | ६.५ % |
| | | पुरुष | ६.५ % |
| ३. | उत्पीडित जाति/आदिवासी जनजाति | महिला | १८.९ % |
| | | पुरुष | १८.९ % |
| ४. | पिछडिएको क्षेत्र✪ | महिला | २ % |
| | | पुरुष | २ % |
| | खस आर्य तथा अन्य✶ | महिला | १५.१% |
| | | पुरुष | १५.१ % |

स्पष्टीकरण : कतिपय उम्मेदवारले एकभन्दा बढी समूहको प्रतिनिधित्व गर्ने भएको हुँदा सबै समूहको उम्मेदवार प्रतिशतको जोड सय भन्दा बढी प्रतिशत देखिन आएको छ।

---

द्रष्टव्य : ✪ "पिछडिएको क्षेत्र" भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लालाई सम्झनु पर्छ।

✶ "खस आर्य तथा अन्य" भन्नाले ब्राम्हण, क्षत्री, ठकुरी, दशनामी सन्यासी तथा यस अनुसूचीमा स्पष्ट उल्लेख नभएका अन्य समूहहरुलाई सम्झनु पर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-२

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

............................ राजनैतिक दल

उम्मेदवारको बन्दसूची

| क.सं. | उम्मेदवारको नाम | मधेसी | | उत्पीडित जाति/आदिवासी जनजाति | | दलित | | पिछडिएको क्षेत्र | | खस आर्य तथा अन्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| १ | ............ | | | | | | | | | | |
| २ | ............ | | | | | | | | | | |
| ३ | ............ | | | | | | | | | | |
| ४ | ............ | | | | | | | | | | |
| ५ | ............ | | | | | | | | | | |
| ६ | ............ | | | | | | | | | | |
| ७ | ............ | | | | | | | | | | |
| ८ | ............ | | | | | | | | | | |
| ९ | ............ | | | | | | | | | | |
| १० | ............ | | | | | | | | | | |
| जम्मा :- | | | | | | | | | | | |
| प्रतिशत | | | | | | | | | | | |

अधिकार प्राप्त व्यक्तिको,

राजनैतिक दलको छाप सही : ...................................

नाम : ...................................

राजनैतिक दलको नाम : .............

मिति : ...................................

द्रष्टव्य : राजनैतिक दलहरुले यस अनुसूचीमा उल्लिखित तालिकामा लेखिए बमोजिम उम्मेदवारको नाम र उम्मेदवारले प्रतिनिधित्व गर्ने समूहहरु स्पष्ट खुलाएर निर्वाचन आयोग समक्ष पेश गर्नु



१६८४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-४

(दफा ६० सँग सम्बन्धित)

संविधान सभा सदस्यले लिने पद तथा गोपनीयताको

शपथको ढाँचा

म (सम्बन्धित सदस्यको पूरा नाम) ................................ मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीयसत्ता र सार्वभौमसत्ता नेपाली जनतामा रहेको नेपालको अन्तरिम संविधान, २०६३ प्रति पूर्ण वफादार रहँदै संविधान सभाको सदस्य पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई पदीय गोपनीयता कायम राखी ईमान्दारीका साथ गर्नेछु।

सहि : ....................

मिति : ..................

नाम थर : ................

आज्ञाले,

**भेषराज शर्मा**

नेपाल सरकारको सचिव

**प्रमाणीकरण मिति : २०७०।१२।१२**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग २

## नेपाल सरकार

## कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालय

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम व्यवस्थापिका संसदको हेसियतमा संविधान सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## संवत् २०७० सालको ऐन नं. ११

## सपुर्दगी सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन

प्रस्तावना : सपुर्दगी गर्न सकिने कसूरको फरार अभियुक्त वा कसूरदारलाई कानून बमोजिम सपुर्दगी सम्बन्धी कारबाही गर्ने सम्बन्धमा प्रचलित सपुर्दगी सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गरी समयानुकूल बनाउन वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका-संसदको हैसियतमा संविधानसभाले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "सपुर्दगी ऐन, २०७०" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कसूर" भन्नाले दफा ४ बमोजिमको कसूर सम्झनु पर्छ ।

(ख) "फरार अभियुक्त वा कसूरदार" भन्नाले विदेशी राज्यमा कुनै कसूरको आरोप लागी वा कुनै कसूरमा सजाय पाई नेपालमा रहे बसेको वा नेपालमा कुनै कसूरको आरोप लागी वा कुनै कसूरमा सजाय पाई विदेशी राज्यमा गई बसेको अभियुक्त वा कसूरदार सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार, गृह मन्त्रालय सम्झनु पर्छ।

(घ) "माग गर्ने राज्य" भन्नाले फरार अभियुक्त वा कसूरदारको सपुर्दगीको लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने विदेशी राज्य सम्झनु पर्छ।

(ङ) "सपुर्दगी" भन्नाले माग गर्ने राज्यको अनुरोधमा फरार अभियुक्त वा कसूरदारलाई त्यस्तो राज्य समक्ष सुम्पिने कार्य सम्झनु पर्छ र सो शब्दले फरार अभियुक्त वा कसूरदारलाई नेपालको अनुरोधमा सम्बन्धित विदेशी राज्यले नेपाल समक्ष सुम्पिने कार्य समेतलाई जनाउँछ।

(च) "सपुर्दगी सन्धि" भन्नाले फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगी गर्न सकिने गरी नेपालले कुनै विदेशी राज्यसँग गरेको सन्धि सम्झनु पर्छ र सो शब्दले सपुर्दगीको प्रयोजनको लागि भएको समझदारी समेतलाई जनाउँछ।

३. सपुर्दगी गर्न सकिने अवस्था : कुनै विदेशी राज्यले फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगीको लागि नेपाल सरकार समक्ष अनुरोध गरेमा नेपाल सरकारले देहायका अवस्थामा त्यस्तो अभियुक्त वा कसूरदारलाई यस ऐनको अधीनमा रही त्यस्तो राज्य समक्ष सपुर्दगी गर्न सक्नेछ :–

(क) सपुर्दगी सन्धि भएको,

(ख) दफा ४ बमोजिमको सपुर्दगी गर्न सकिने कसूर भएको।

४. सपुर्दगी गर्न सकिने कसूर : देहायका कसूरलाई सपुर्दगी गर्न सकिने कसूर मानिनेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) नेपालको कानून बमोजिम कम्तीमा तीन वर्षको कैद सजाय हुन सक्ने कसूर,

(ख) माग गर्ने राज्यको कानून बमोजिम कम्तीमा तीन वर्षको कैद सजाय हुन सक्ने कसूर,

(ग) खण्ड (क) र (ख) मा लेखिएको भन्दा कम सजाय हुने भए तापनि कर, राजस्व, बैङ्किङ्ग कारोबार वा त्यस्तै किसिमको अन्य कुनै पनि किसिमका आर्थिक वा वित्तीय सम्बन्धी कसूर,

(घ) खण्ड (क), (ख) वा (ग) बमोजिमको कसूर गर्न उद्योग गर्ने, मतियार हुने वा त्यस्तो कसूर गर्न षडयन्त्र गर्ने वा त्यस्तो कसूर गर्न कसैलाई दुरुत्साहन गर्ने कसूर ।

५. सपुर्दगी गर्न इन्कार गरिने अवस्था : दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा कुनै पनि फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगी गरिने छैन :-

(क) फरार अभियुक्त वा कसूरदारले गरेको कसूर राजनीतिक प्रकृतिको भएमा,

(ख) जात, जाति, वर्ण, धर्म, राष्ट्रियता वा राजनीतिक विचारधाराको आधारमा कुनै कसूरका सम्बन्धमा कारबाही चलाइएको वा कारबाही चलाइने सम्भावना भएमा,

(ग) जात, जाति, वर्ण, धर्म, राष्ट्रियता वा राजनीतिक विचारधाराबाट पूर्वाग्रही भई मुद्दाको सुनुवाई गरिएको वा सुनुवाई गरी सजाय गरिने सम्भावना भएमा,



१६५१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) मृत्युदण्डको सजाय भएको वा मृत्युदण्डको सजाय हुन सक्ने गरी अभियोग लागेको भएमा,

(ङ) नेपालको नागरिक भएमा,

(च) माग गर्ने राज्यको सैनिक कानून अन्तर्गत सजाय हुने कसूर भएमा,

(छ) माग गर्ने राज्यमा फरार अभियुक्त वा कसूरदारलाई शारीरिक वा मानसिक यातना दिने पर्याप्त सम्भावना भएमा,

(ज) जुन कसूरको सम्बन्धमा सपुर्दगीको माग गरिएको हो सोही कसूरमा नेपालको अदालतले निर्णय गरिसकेको भएमा,

(झ) फरार अभियुक्त वा कसूरदार विरुद्ध नेपालको कुनै अदालतमा कुनै फौजदारी कसूरमा मुद्दाको कारबाही भईरहेको वा निज कसूरदार ठहरिई सजाय भुक्तान भई नसकेको भएमा,

(ञ) माग गर्ने राज्यको अधिकार प्राप्त अधिकारीले मुद्दा वा सजायको कारबाही नचलाउने वा सजाय माफी गर्ने निर्णय गरिसकेको भएमा,

(ट) माग गर्ने राज्यको कानून बमोजिम कारबाही चलाउने हदम्याद समाप्त भइसकेको भएमा,

(ठ) माग गर्ने राज्यको कानून बमोजिम सजायको उन्मुक्तिको सुविधा प्राप्त भएको व्यक्ति भएमा ।

६. <u>राजनीतिक प्रकृतिको कसूर नमानिने</u> : दफा ५ को खण्ड (क) को प्रयोजनको लागि देहायका कसूरहरु राजनीतिक प्रकृतिको कसूर मानिने छैन: -

(क) भ्रष्टाचार,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) मानव बेचबिखन तथा ओसारपसार वा जीउ मास्ने बेच्ने,

(ग) लागू पदार्थको उत्पादन, सञ्चय, ओसारपसार वा कारोबार,

(घ) कर, राजस्व, बैङ्किङ्ग कारोबार वा त्यस्तै किसिमको अन्य कुनै पनि किसिमका आर्थिक वा वित्तीय सम्बन्धी कसूर,

(ङ) सम्पत्ति शुद्धिकरण,

(च) जबर्जस्ती करणी,

(छ) बाल यौन दुराचार,

(ज) वन्यजन्तु वा वन पैदावारको अवैध हानी नोक्सानी वा अवैध ओसारपसार सम्बन्धी कसूर,

(झ) जातीय हत्या (जेनोसाइड) सम्बन्धी कसूर,

(ञ) मानवता विरुद्धको कसूर,

(ट) संगठित रुपमा गरेको कुनै कसूर वा बहुराष्ट्रिय संगठित कसूर,

(ठ) विमान अपहरण वा नागरिक उड्डयनको सुरक्षा विरुद्धका कसूर,

(ड) कूटनीतिक निकाय वा कूटनीतिकसुविधा प्राप्त व्यक्ति विरुद्धको कुनै कसूर,

(ढ) खण्ड (क) देखि (ड) सम्मको कसूर गर्न उद्योग, दुरुत्साहन वा षडयन्त्र गरेको वा त्यस्तो कसूर गर्ने कार्यमा मतियार भएको वा अन्य कुनै किसिमले संलग्नता रहेको कसूर ।

७. सपुर्दगीको लागि अनुरोध गर्नु पर्ने : (१) नेपालमा रहे बसेको वा तेस्रो मुलुकमा जाने क्रममा नेपालभित्र पारवहनमा रहेको फरार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9629

अभियुक्त वा कसूरदारको सपुर्दगीको लागि माग गर्ने राज्यले नेपाल सरकार समक्ष अनुरोध गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुरोध गर्दा माग गर्ने राज्यले कूटनीतिक माध्यम मार्फत अनुरोध गर्नु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि तत्काल पक्राउ गरी नियन्त्रणमा नलिएमा फरार अभियुक्त वा कसूरदार भागी बेपत्ता हुने सम्भावना भएमा त्यस्तो फरार अभियुक्त वा कसूरदारलाई तत्काल पक्राउ गरी नियन्त्रणमा लिइदिन माग गर्ने राज्यले सोझै मन्त्रालय समक्ष अनुरोध गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुरोध गर्दा फरार अभियुक्तको हकमा प्रथम दृष्टिमा नै अभियुक्त देखिने प्रमाण र कसूरदारको हकमा निज कसूरदार ठहरिएको सक्षम अदालतको फैसला उपलब्ध गराउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको प्रमाण वा फैसलाको आधारमा फरार अभियुक्त वा कसूरदार पक्राउ भएमा मन्त्रालयले सोको जानकारी माग गर्ने राज्यलाई तीन दिनभित्र दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम फरार अभियुक्त वा कसूरदार पक्राउ भएमा माग गर्ने राज्यले पक्राउ परेको जानकारी पाएको मितिले सात दिनभित्र त्यस्तो फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगीको लागि कूटनीतिक माध्यम मार्फत नेपाल सरकार समक्ष अनुरोध गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम अनुरोध नगरेमा पक्राउ परेको फरार अभियुक्त वा कसूरदारलाई मन्त्रालयले तत्काल थुनाबाट मुक्त गर्नु पर्नेछ ।

८. <u>सपुर्दगीको लागि अनुरोध गर्दा खुलाउनु पर्ने विवरण तथा संलग्न गर्नु पर्ने कागजात</u> : (१) दफा ७ बमोजिम सपुर्दगीको लागि अनुरोध गर्दा माग गर्ने राज्यले देहायका विवरण खुलाउनु पर्नेछ :-

(क) फरार अभियुक्त वा कसूरदारको हुलिया, राष्ट्रियता, राष्ट्रिय परिचयपत्र नम्बर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ । ९६७४

लगायत पहिचान हुन सक्ने यथार्थ विवरण र यथासम्भव हाल बसोबास गरिरहेको स्थान सम्बन्धी जानकारी,

(ख) कसूर भएको स्थान, मिति र कसूरको विवरण,

(ग) कसूरका सम्बन्धमा माग गर्ने राज्यको प्रचलित कानूनी व्यवस्था र कसूर ठहरेमा वा कसूर ठहरी सकेकोमा हुन सक्ने वा भएको अधिकतम सजाय ।

(२) दफा ७ बमोजिम सपुर्दगीको लागि अनुरोध गर्दा माग गर्ने राज्यले देहायका कागजात संलग्न गर्नु पर्नेछ :-

(क) कसूरसँग सम्बन्धित प्रमाण कागजात,

(ख) अधिकार प्राप्त अधिकारीबाट त्यस्तो अभियुक्त वा कसूरदार पक्राउ गर्नको लागि जारी गरिएको वारेण्ट,

(ग) कसूरदारको सपुर्दगीको सम्बन्धमा सक्षम अदालत वा अन्य सक्षम निकायले गरेको फैसलाको प्रतिलिपि,

(घ) सपुर्दगीका लागि अनुरोध गर्दाका बखत उल्लेख गरिएको कसूर बाहेक अन्य कसूरमा कारबाही नचलाइने प्रतिबद्धता,

(ङ) सपुर्दगीका लागि अनुरोध गर्दाका बखत उल्लेख गरिएको कसूर वापत हुन सक्ने सजाय भन्दा कम सजाय हुन सक्ने कसूरमा कारबाही नचलाइने प्रतिबद्धता,

(च) सपुर्दगी गरिएको फरार अभियुक्त वा कसूरदार अन्य कुनै राज्यलाई पुनः सपुर्दगी नगर्ने प्रतिबद्धता,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) खण्ड (च) बमोजिम सपुर्दगी नगरी नहुने अवस्थामा नेपाल सरकारको पूर्व सहमति लिने प्रतिबद्धता ।

९. सपुर्दगी सम्बन्धी अनुरोध मन्त्रालयमा पठाउनु पर्ने : दफा ७ बमोजिम सपुर्दगीको अनुरोध प्राप्त भएमा नेपाल सरकार, परराष्ट्र मन्त्रालयले सो अनुरोध साथ प्राप्त विवरण, कागजात तथा प्रमाण सहित सपुर्दगी सम्बन्धमा आवश्यक कारबाहीको लागि मन्त्रालय समक्ष पठाउनु पर्नेछ ।

१०. सपुर्दगी सम्बन्धी कारबाही अघि बढाउनु पर्ने : (१) दफा ९ बमोजिम अनुरोध प्राप्त भएमा मन्त्रालयले त्यस्तो अनुरोध साथ संलग्न विवरण, कागजात, प्रमाण र कसूरको तथ्यहरुको अध्ययन र जाँचबुझ गरी सपुर्दगीको कारबाही अघि बढाउने वा नबढाउने सम्बन्धमा पन्ध्र दिनभित्र निर्णय गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अध्ययन र जाँचबुझ गर्दा अनुरोध साथ प्राप्त विवरण, कागजात तथा प्रमाण सपुर्दगीको लागि कारबाही अघि बढाउन पर्याप्त नदेखिएमा मन्त्रालयले थप विवरण, कागजात तथा प्रमाण पेश गर्नको लागि कूटनीतिक माध्यम मार्फत माग गर्ने राज्यलाई लेखी पठाउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम सपुर्दगीको कारबाही अघि बढाउने निर्णय भएमा मन्त्रालयले सम्बन्धित जिल्ला सरकारी वकील मार्फत फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगी गर्न अदालतको अनुमतिको लागि सम्बन्धित जिल्ला अदालतमा प्रतिवेदन पेश गर्न लगाउन सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई आदेश दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई आदेश दिंदा फरार अभियुक्त वा कसूरदारलाई पक्राउ गर्नको लागि माग गर्ने राज्यको अधिकार प्राप्त अधिकारीबाट जारी गरिएको वारेण्ट समेत पठाई त्यस्तो फरार अभियुक्त वा कसूरदारलाई पक्राउ गर्न लगाउनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम सपुर्दगीको कारबाही अघि नबढाउने गरी निर्णय भएमा मन्त्रालयले सो निर्णयको व्यहोरा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

तथा फरार अभियुक्त वा कसूरदार पक्राउ भए वा नभएको जानकारी कूटनीतिक माध्यम मार्फत माग गर्ने राज्यलाई तुरुन्त दिनु पर्नेछ।

११. पक्राउ पूर्जी जारी गर्ने : दफा १० को उपदफा (४) बमोजिमको वारेण्ट प्राप्त भएपछि फरार अभियुक्त वा कसूरदारलाई पक्राउ गर्न सम्बन्धित प्रमुख जिल्ला अधिकारीले प्रचलित कानून बमोजिम पक्राउ पूर्जी जारी गर्नु पर्नेछ।

१२. फरार अभियुक्त वा कसूरदारलाई अदालत समक्ष पेश गर्ने : दफा ११ बमोजिम जारी भएको पक्राउ पूर्जीको आधारमा पक्राउ परेको फरार अभियुक्त वा कसूरदारलाई प्रहरीले बाटोको म्याद बाहेक पक्राउ परेको चौबीस घण्टाभित्र सम्बन्धित जिल्ला अदालतमा पेश गरी सो अदालतको आदेश बमोजिम थुनामा राख्नु पर्नेछ।

१३. प्रतिवेदन पेश गर्नु पर्ने : (१) दफा १२ बमोजिम थुनामा रहेको फरार अभियुक्त वा कसूरदार माग गर्ने राज्यलाई सपुर्दगी गर्ने अनुमतिको लागि प्रमुख जिल्ला अधिकारीले त्यसरी थुनामा परेको मितिले सात दिनभित्र जिल्ला सरकारी वकील मार्फत सम्बन्धित जिल्ला अदालत समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन पेश गर्दा थुनामा रहेको अभियुक्त वा कसूरदारलाई समेत जिल्ला अदालत समक्ष उपस्थित गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम जिल्ला अदालत समक्ष पेश गरेको प्रतिवेदनको एकप्रति प्रमुख जिल्ला अधिकारीले मन्त्रालयमा पठाउनु पर्नेछ।

१४. अदालतको क्षेत्राधिकार : (१) सपुर्दगी गर्ने अनुमतिको लागि दफा १३ बमोजिम प्रतिवेदन प्राप्त भएमा जिल्ला अदालतले फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगी गर्न सकिने वा नसकिने सम्बन्धमा देहायका विषयहरु बुझ्न सक्नेछ :-

(क) माग गर्ने राज्यले दफा ७ र ८ बमोजिमको प्रक्रिया पूरा गरी वा खुलाउनु पर्ने विवरण खुलाई वा संलग्न गर्नु पर्ने कागजात संलग्न गरी फरार



१६४६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अभियुक्त वा कसूरदारलाई सपुर्दगी गर्न अनुरोध गरेको छ वा छैन,

(ख) माग गर्ने राज्यले फरार अभियुक्त वा कसूरदार पक्राउ गर्नको लागि जारी गरेको वारेण्ट सोही व्यक्ति पक्राउ गर्नको लागि जारी भएको हो वा होइन,

(ग) फरार अभियुक्त वा कसूरदारलाई दफा ३ बमोजिम सपुर्दगी गर्न सकिने हो वा होइन,

(घ) फरार अभियुक्त वा कसूरदार दफा ४ बमोजिम सपुर्दगी गर्न सकिने कसूरसँग सम्बन्धित हो वा होइन,

(ङ) फरार अभियुक्त वा कसूरदार दफा ५ बमोजिम सपुर्दगी गर्न इन्कार गर्नु पर्ने अवस्थाको हो वा होइन,

(च) फरार अभियुक्त वा कसूरदारलाई माग गर्ने राज्यको अनुरोध बमोजिम सपुर्दगी गर्न सकिने हो वा होइन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगी गर्न सकिने वा नसकिने सम्बन्धमा आदेश गर्नु अघि जिल्ला अदालतले त्यस्तो अभियुक्त वा कसूरदारको भनाई र सो कसूरसंग सम्बन्धित थप प्रमाण बुझ्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम बुझ्दा तथा माग गर्ने राज्यले पेश गरेको विवरण, कागजात तथा प्रमाणबाट फरार अभियुक्त वा कसूरदारलाई यस ऐन बमोजिम सपुर्दगी गर्न सकिने देखिएमा जिल्ला अदालतले सपुर्दगी गर्ने आदेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम आदेश गर्दा फरार अभियुक्त वा कसूरदार थुनामा रहेको भए सपुर्दगी सम्बन्धी काम पूरा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

नभएसम्मको लागि त्यस्तो फरार अभियुक्त वा कसूरदारलाई बढीमा पैंतालीस दिनसम्म थुनामा राख्ने आदेश दिनु पर्नेछ ।

(५) यस ऐन बमोजिम माग गर्ने राज्यले पेश गरेको विवरण, कागजात तथा प्रमाणबाट फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगी गर्न सकिने नदेखिएमा सम्बन्धित जिल्ला अदालतले त्यस्तो अभियुक्त वा कसूरदारलाई सपुर्दगी गर्न नसकिने आदेश गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम आदेश गर्दा फरार अभियुक्त वा कसूरदार थुनामा रहेको भए निजलाई थुनाबाट मुक्त गर्ने आदेश समेत दिनु पर्नेछ ।

(७) यस दफा बमोजिम फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगी गर्न सकिने वा नसकिने सम्बन्धमा दिएको आदेशको जानकारी जिल्ला अदालतले सम्बन्धित जिल्ला सरकारी वकील मार्फत प्रमुख जिल्ला अधिकारीलाई दिनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम प्राप्त आदेशको जानकारी प्रमुख जिल्ला अधिकारीले अविलम्व मन्त्रालयलाई दिनु पर्नेछ ।

१५. सपुर्दगी गर्नु पर्ने : (१) दफा १४ को उपदफा (८) बमोजिम फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगी गर्न सकिने आदेशको जानकारी प्राप्त भएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले तीन दिनभित्र मन्त्रालयले कूटनीतिक माध्यम मार्फत माग गर्ने राज्यलाई सोको जानकारी दिई तीस दिनभित्र त्यस्तो फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगी गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सपुर्दगी गर्ने व्यवस्था मिलाउँदा मन्त्रालयले फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगी गर्ने स्थान, मिति र समय निर्धारण गरी सोको जानकारी माग गर्ने राज्यलाई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जानकारी गराइएको स्थान, मिति र समयमा फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगी गर्न नसकिने कुनै कारण भई सपुर्दगी गर्न नसकिने भएमा मन्त्रालयले



१०४५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तुरुन्त सपुर्दगी गर्ने अर्को मिति, समय र स्थान निर्धारण गरी माग गर्ने राज्यलाई जानकारी गराउनु पर्नेछ ।

१६. सपुर्दगी गर्न नसकिने कुराको जानकारी गराउनु पर्ने : (१) दफा १४ को उपदफा (८) बमोजिम फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगी गर्न नसकिने आदेशको जानकारी प्राप्त भएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले तीन दिनभित्र मन्त्रालयले कूटनैतिक माध्यम मार्फत माग गर्ने राज्यलाई सोही व्यहोराको जानकारी गराउनु पर्नेछ ।

(२) फरार अभियुक्त वा कसूरदार नेपाली नागरिक भएको कारणबाट सपुर्दगी गर्न नसकिने भएमा त्यस्तो अभियुक्त वा कसूरदारलाई कानून बमोजिम कारबाही चलाइने व्यहोराको जानकारी मन्त्रालयले कूटनीतिक माध्यम मार्फत माग गर्ने राज्यलाई गराउनु पर्नेछ ।

१७. कानून बमोजिम कारबाही चलाउनु पर्ने : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १४ को उपदफा (५) वा दफा १६ को उपदफा (२) बमोजिम कुनै फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगी गर्न नसकिने भएमा जुन कसूरका सम्बन्धमा सपुर्दगीको माग गरिएको हो त्यस्तो कसूर नेपाल कानून बमोजिम पनि कसूर मानिने रहेछ भने मन्त्रालयले त्यस्तो अभियुक्त उपर कानून बमोजिम कारबाही चलाउनु पर्नेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम फरार अभियुक्त उपर कारबाही चलाउनु पर्ने भएमा सम्बन्धित जिल्ला सरकारी वकीलले अदालत वा अन्य सक्षम निकाय समक्ष मुद्दा दायर गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम फरार कसूरदार उपर कारबाही चलाउँदा त्यस्तो कसूरदार माग गर्ने राज्यको अदालत वा अन्य सक्षम निकायबाट कसूरदार ठहर भइसकेको भए प्रचलित कानून बमोजिम सजायको कार्यान्वयन गरिनेछ ।

(४) यस दफा बमोजिम फरार अभियुक्त वा कसूरदारका सम्बन्धमा अदालत वा अन्य सक्षम निकायल गरेको फैसला तथा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

भएको सजायको जानकारी मन्त्रालयले माग गर्ने राज्यलाई गराउनु पर्नेछ ।

१८. बुझी नलिए थुनाबाट मुक्त गर्ने : दफा १४ को उपदफा (४) बमोजिम जिल्ला अदालतको आदेशले थुनामा रहेको अभियुक्त वा कसूरदारलाई बुझिलिनको लागि नेपाल सरकारले सूचना दिएको मितिले तीस दिनभित्र माग गर्ने राज्यले बुझी नलगेमा अदालतले अन्यथा आदेश दिएकोमा बाहेक त्यस्तो फरार अभियुक्त वा कसूरदारलाई मन्त्रालयले थुनाबाट मुक्त गर्नु पर्नेछ ।

१९. एकभन्दा बढी राज्यबाट सपुर्दगीको माग भएमा : एउटै फरार अभियुक्त वा कसूरदारका सम्बन्धमा एकभन्दा बढी राज्यले सपुर्दगीको माग गरेकोमा दफा १४ को उपदफा (३) बमोजिम जिल्ला अदालतले सपुर्दगी गर्न सकिने गरी आदेश गरेमा नेपाल सरकारले सबैभन्दा पहिले माग गर्ने राज्यलाई त्यस्तो अभियुक्त वा कसूरदार सपुर्दगी गर्न सक्नेछ ।

२०. विदेशी राज्यसँग सपुर्दगीको लागि माग गर्ने : (१) नेपालभित्र कुनै कसूरको अभियोग लागेको वा कसूर गरेको ठहरिएको कुनै व्यक्ति भागी कुनै विदेशी राज्यको अधिकार क्षेत्रभित्रको कुनै इलाकामा बसेको रहेछ वा तेस्रो मुलुकमा जाने क्रममा सो राज्यको पारवहनमा रहेछ भने त्यस्तो फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगी गर्नको लागि मन्त्रालयले कूटनीतिक माध्यम मार्फत सम्बन्धित विदेशी राज्यलाई अनुरोध गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तत्काल पक्राउ गरी नियन्त्रणमा नलिएमा फरार अभियुक्त वा कसूरदार भागी बेपत्ता हुने सम्भावना भएमा त्यस्तो फरार अभियुक्त वा कसूरदारलाई तत्काल पक्राउ गरी नियन्त्रणमा लिन मन्त्रालयले सोझै विदेशी राज्य समक्ष अनुरोध गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुरोध गर्दा फरार अभियुक्तको हकमा प्रथम दृष्टिमा नै अभियुक्त देखिने प्रमाण र कसूरदारको हकमा अदालत वा अन्य सक्षम निकायले गरेको फैसला समेत संलग्न गर्नु पर्नेछ ।



१६६१ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपदफा (३) बमोजिमको प्रमाण र फैसलाको आधारमा फरार अभियुक्त वा कसूरदार सम्बन्धित विदेशी राज्यबाट पक्राउ गरिएकोमा पक्राउ परेको जानकारी प्राप्त भएको मितिले सात दिनभित्र यथाशक्य छिटो त्यस्तो फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगीको लागि मन्त्रालयले कूटनीतिक माध्यम मार्फत सम्बन्धित राज्य समक्ष अनुरोध गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिम सपुर्दगीको लागि अनुरोध गर्दा दफा ८ बमोजिम खुलाउनु पर्ने तथा संलग्न गर्नु पर्ने विवरण र कागजात खुलाउनु तथा संलग्न गर्नु पर्नेछ।

२१. सपुर्दगी सम्बन्धमा लागू हुने विशेष व्यवस्था : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सपुर्दगीको लागि अनुरोध गर्दाका बखत उल्लेख गरिएको कसूरको सम्बन्धमा कारबाही चलाउने बाहेक फरार अभियुक्त वा कसूरदारलाई अन्य कुनै कसूरमा अभियोग लगाउन वा सजाय गर्न पाइने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सपुर्दगीका लागि अनुरोध गर्दाका बखत उल्लेख गरिएको कसूरसँग सम्बन्धित सानो प्रकृतिको अन्य कसूरमा समेत कारबाही चलाउनु परेमा नेपाल सरकारको सहमति लिई माग गर्ने राज्यले त्यस्ता अभियुक्त वा कसूरदारको विरुद्धमा कारबाही चलाउन सक्नेछ।

२२. कसूरसँग सम्बन्धित सम्पत्ति फिर्ता गर्नु पर्ने : (१) फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगी गर्दा त्यस्तो अभियुक्त वा कसूरदारलाई नेपालमा पक्राउ गर्दाका बखत नियन्त्रणमा लिएको कसूरसँग सम्बन्धित सम्पत्ति र सोबाट आर्जित अन्य सम्पत्ति नेपाल सरकारले माग गर्ने राज्यलाई फिर्ता गर्न सक्नेछ।

तर अन्य कसैको हक, दाबी वा अन्य कुनै पनि किसिमको दायित्व कायम हुने देखिएको सम्पत्ति फिर्ता गर्ने छैन।

(२) नेपाल सरकारले माग गर्ने राज्यलाई सपुर्दगी गरेको फरार अभियुक्त वा कसूरदारको कसूरसँग सम्बन्धित अचल सम्पत्तिको हकमा सम्बन्धित सक्षम अदालतबाट जफत हुने ठहर भएमा त्यस्तो सम्पत्ति फिर्ता गर्ने कारबाही हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ। १८६२

(३) यस दफा बमोजिम फिर्ता गर्नु पर्ने सम्पत्ति नगद बाहेक अन्य कुनै रुपमा रहेको भएमा त्यसलाई प्रचलित बजार मूल्यमा बिक्री गरी नगदमा फिर्ता गरिनेछ ।

तर कसूरसँग सम्बन्धित दशी प्रमाणको रुपमा अदालतमा पेश हुने वा माग गर्ने राज्यले जिन्सीमा नै फिर्ता गर्न माग गरेको सम्पत्ति जिन्सीमा नै फिर्ता गरिनेछ ।

२३. माग गर्ने राज्यले खर्च व्यहोर्नु पर्ने : (१) सपुर्दगीका सम्बन्धमा लागेको खर्च माग गर्ने राज्यले व्यहोर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालती कारबाहीका सम्बन्धमा लाग्ने खर्च माग गर्ने राज्यले व्यहोर्नु पर्ने छैन ।

२४. सपुर्दगी भई आएको फरार अभियुक्त वा कसूरदार उपर कारबाही : (१) नेपाल सरकारको अनुरोधमा कुनै विदेशी राज्यबाट सपुर्दगी भई आएको फरार अभियुक्त वा कसूरदारलाई प्रचलित कानून बमोजिम कारबाही चलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कारबाही चलाइएको व्यहोराको जानकारी नेपाल सरकारले त्यस्तो विदेशी राज्यलाई दिनु पर्नेछ ।

२५. पुन: सपुर्दगी गर्न नहुने : सपुर्दगी भएको कुनै फरार अभियुक्त वा कसूरदारलाई अन्य कुनै तेस्रो राज्यमा सपुर्दगी गर्न हुँदैन ।

२६. प्रमाण सम्बन्धी विशेष व्यवस्था : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम कारबाही चलाइएको सपुर्दगी गर्न सकिने कसूरको मुद्दाको सम्बन्धमा माग गर्ने राज्यबाट प्राप्त हुन आएको सबुत प्रमाण तथा लिखतहरु अदालतले प्रमाणमा लिन सक्नेछ ।

२७. संक्षिप्त कार्यविधि अपनाउनु पर्ने : यस ऐन बमोजिम फरार अभियुक्त वा कसूरदारको सपुर्दगी सम्बन्धी कारबाही गर्दा सम्बन्धित अदालतले संक्षिप्त कार्यविधि सम्बन्धी प्रचलित कानून बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

२८. कानूनी सहायता उपलब्ध गराउने : फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगी गर्ने प्रयोजनको लागि अदालतले कारबाही चलाउँदा त्यस्तो फरार अभियुक्त वा कसूरदारले कानून व्यवसायी





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नियुक्त गर्न असमर्थ भएमा र त्यस्तो फरार अभियुक्त वा कसूरदारले चाहेमा अदालतले वैतनिक कानून व्यवसायीको सुविधा उपलब्ध गराउन सक्नेछ ।

२९. बाधा अड्काउ फुकाउने अधिकार : यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

३०. खारेजी र बचाउ : (१) सपुर्दगी ऐन, २०४५ खारेज गरिएको छ ।

(२) यो ऐन प्रारम्भ हुनु अघि सपुर्दगीको कारवाही शुरु भईसकेको अवस्थामा सपुर्दगी ऐन, २०४५ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

आज्ञाले,
**भेषराज शर्मा**
नेपाल सरकारको सचिव

**प्रमाणीकरण मिति : २०७०।१२।१२**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ ।

९६८०

# भाग २

## नेपाल सरकार

## कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालय

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम व्यवस्थापिका संसदको हैसियतमा संविधान सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## संवत् २०७० सालको ऐन नं. १२

## सङ्गठित अपराध निवारण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : सर्वसाधारणको जीउ, ज्यान तथा सम्पत्तिको सुरक्षा गरी शान्ति र सुव्यवस्था कायम गर्न, मुलुकमा कानून र व्यवस्था कायम गर्नका लागि सङ्गठित अपराधलाई निवारण गर्न, विशेष प्रविधि अपनाई त्यस्तो अपराधको अनुसन्धान गर्न र सङ्गठित अपराधबाट पीडित तथा साक्षीको संरक्षण गर्ने लगायत सो सँग सम्बन्धित अन्य विषयमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका-संसदको हैसियतमा संविधान सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम "सङ्गठित अपराध निवारण ऐन, २०७०" रहेको छ ।

(२) यो ऐन नेपालभर लागू हुनेछ र नेपाल बाहिर रही बसी नेपाल वा नेपाली नागरिक विरुद्ध सङ्गठित अपराध गर्ने व्यक्तिको हकमा समेत लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अदालत" भन्नाले दफा ४० बमोजिमको मुद्दा हेर्ने अदालत सम्झनु पर्छ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "अनुसन्धान अधिकारी" भन्नाले सङ्गठित अपराधको अनुसन्धान गर्ने अधिकारी सम्झनु पर्छ ।

(ग) "अधिकारप्राप्त अधिकारी" भन्नाले दफा २४ बमोजिमको अधिकृत वा निकाय सम्झनु पर्छ ।

(घ) "आपराधिक समूह" भन्नाले प्रत्यक्ष वा परोक्ष रुपमा परिच्छेद-२ मा उल्लिखित सङ्गठित अपराध गर्ने उद्देश्यले नेपालभित्र वा नेपाल बाहिर रहे भएको सङ्गठित वा असङ्गठित तीन वा तीनभन्दा बढी व्यक्तिहरुको समूह सम्झनु पर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(च) "पुनरावलोकन समिति" भन्नाले दफा २९ बमोजिमको पुनरावलोकन समिति सम्झनु पर्छ ।

(छ) "सङ्गठित अपराध" भन्नाले परिच्छेद-२ बमोजिमको अपराध सम्झनु पर्छ ।

(ज) "सञ्चार अभिलेख" भन्नाले तार, कम्प्यूटर वा कुनै विद्युतीय माध्यमबाट हुने वा भएको कुनै प्रकारको सञ्चारलाई विद्युतीय वा अन्य कुनै यन्त्रको माध्यमबाट अभिलेख गर्ने कार्य सम्झनु पर्छ ।

(झ) "सम्पत्ति" भन्नाले भौतिक वा अभौतिक, चल वा अचल, मूर्त वा अमूर्त सम्पत्ति सम्झनु पर्छ र सो शब्दले कुनै मूल्य भएको वस्तु वा उपकरण, त्यस्तो सम्पत्ति उपर रहेको वा कायम हुने हक, हित वा अधिकार स्थापित गर्ने कुनै कागजात, निस्सा वा अन्य कुनै उपकरण समेतलाई जनाउँछ ।

## परिच्छेद-२

## सङ्गठित अपराध सम्बन्धी व्यवस्था

३. सङ्गठित अपराध गर्न नहुने : (१) कसैले सङ्गठित अपराध गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि कसैले आपराधिक समूहको लाभको लागि, आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानी जानी कुनै गम्भीर अपराध गरेमा निजले सङ्गठित अपराध गरेको मानिनेछ ।

(३) यस दफाको प्रयोजनको लागि देहायको कसूर गम्भीर अपराध मानिनेछ :-

(क) प्रचलित कानून बमोजिम तीन वर्षभन्दा बढी कैद सजाय हुने कसूर,

(ख) परिच्छेद-३ बमोजिमको कुनै कसूर, र

(ग) प्रचलित कानून बमोजिम भ्रष्टाचार वा सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी मानिने कसूर ।

(४) कसैले कुनै आपराधिक समूहलाई सङ्गठित अपराध गर्न वा सङ्गठित अपराध गर्न सघाउ पुऱ्याउन कुनै काम जानी जानी गरी वा नगरी सो समूहको काम कारबाहीमा सहभागी हुने वा सघाउ पुऱ्याउने वा सञ्चार साधन वा सूचना प्रविधि उपलब्ध गराउने वा आर्थिक सहयोग गर्ने वा कुनै साधन उपलब्ध गराउने वा सङ्गठित अपराध गर्ने व्यक्तिलाई आश्रय दिने, लुकाउने वा भगाउने कार्य गर्न वा गराउन हुँदैन ।

४. सङ्गठित अपराधको तयारी, उद्योग, षडयन्त्र गर्न वा दुरुत्साहन दिन वा मतियार हुन नहुने : कसैले सङ्गठित अपराधको तयारी गर्न, षडयन्त्र गर्न, उद्योग गर्न वा सङ्गठित अपराध गर्न दुरुत्साहन दिन वा त्यस्तो अपराधमा मतियार हुन हुँदैन ।



९६६६ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद -३

## सङ्गठित अपराध सम्बन्धी निषेधित कार्य तथा सजाय सम्बन्धी व्यवस्था

५. आपराधिक समूह स्थापना गर्न नहुने : कसैले पनि आपराधिक समूह स्थापना गर्न वा सञ्चालन गर्न वा गराउन वा जानी जानी आपराधिक समूहको सदस्य हुन वा कसैलाई सदस्य बनाउन हुँदैन ।

६. न्यायिक कारबाहीमा अवरोध गर्न नहुने : (१) कसैले सङ्गठित अपराधको न्यायिक कारबाहीको सिलसिलामा गरिने वा गरिएको कुनै काम कारबाहीमा बाधा अवरोध खडा गरी न्यायिक कारबाहीमा अवरोध गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि कसैले देहायको कुनै काम गरेमा निजले न्यायिक कारबाहीमा अवरोध गरेको मानिने छ :-

(क) कसैलाई मुद्दाको कारबाहीका सम्बन्धमा झुटो प्रमाण दिनको लागि साक्षीको रुपमा प्रस्तुत गर्ने वा झुटो प्रमाण पेश गर्न वा मुद्दाको कारबाही वा प्रमाण सङ्कलनको कार्यमा मुद्दाको पक्ष वा साक्षी वा उजूरीकर्तालाई झुटो बयान वा बकपत्र गर्न वा गराउनका लागि कुटपिट वा आक्रमण गर्ने, डर, त्रास देखाउने वा धम्की दिने वा कुनै प्रलोभन, अनुचित दबाब दिने वा अन्य कुनै तरिकाले अबरोध पुऱ्याउने,

(ख) मुद्दाको कारबाहीका सम्बन्धमा कुनै साक्षीलाई अदालतमा उपस्थित हुन वा प्रमाणको सङ्कलन वा प्रस्तुतीकरण गर्न बाधा अवरोध गर्ने, वा

(ग) न्याय सम्पादन वा कानून कार्यान्वयन गर्ने अधिकारीलाई कुटपिट वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आक्रमण गर्ने, डर, त्रास देखाउने वा धम्की दिने वा अनुचित प्रलोभन दिने वा आफ्नो पदीय जिम्मेवारी पूरा गर्नबाट कुनै तरिकाले बाधा अवरोध पुऱ्याउने ।

७ विध्वंसात्मक कार्य गर्न नहुने : (१) कसैले विध्वंसात्मक कार्य गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि कसैले देहायका कुनै काम गरेमा निजले विध्वंसात्मक कार्य गरेको मानिनेछ :-

(क) कुनै प्रकारको हातहतियार, बम, विष्फोटक पदार्थ वा अन्य कुनै उपकरण वा वस्तु प्रयोग गरी नेपालको सार्वभौमसत्ता, प्रादेशिक अखण्डता वा नेपाल वा यसको कुनै भागको सुरक्षा वा शान्ति र व्यवस्थामा खलल पार्ने वा विदेशस्थित नेपाली कूटनीतिक नियोग वा त्यसको सम्पत्ति वा नेपालस्थित विदेशी नियोग वा अन्तर्राष्ट्रिय अन्तरसरकारी संस्थाको आवासीय कार्यालय वा त्यसको सम्पत्ति वा कुनै सार्वजनिक वा निजी पूर्वाधार, संरचना वा विकास परियोजनाको संरचना वा त्यसको हाता वा शिक्षण संस्था, स्वास्थ्य संस्था वा यातायात संस्था जस्ता सर्वसाधारणलाई सार्वजनिक सेवा प्रदान गर्ने सेवा प्रदायकको भवन, साधन, उपकरण, यन्त्र ध्वस्त गरी क्षति पुऱ्याउने वा तोडफोड गर्ने वा सोको योजना बनाउने वा त्यस्तो स्थानमा मानिसको जीउ ज्यान जाने, अङ्गभङ्ग हुने वा चोटपटक पुऱ्याई



१८६४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

घाइते तुल्याउने काम वा आगो लगाउने वा दैनिक उपभोग्य वस्तुमा वा सार्वजनिक स्थानमा विषालु पदार्थ प्रयोग गरी मानिसको जीउ ज्यान जाने वा अङ्गभङ्ग हुने वा अन्य क्षति पुऱ्याउने काम,

(ख) खण्ड (क) मा उल्लिखित कुनै काम गरी सर्वसाधारणको आवत जावत गर्ने वा भेला हुने काममा डर, त्रास, फैलाई आतङ्कित गर्ने कुनै काम,

(ग) खण्ड (क) वा (ख) बमोजिमको उद्देश्यको लागि सो खण्डमा उल्लिखित पदार्थ प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई वा त्यस्तो पदार्थ प्रयोग नगरी अन्य कुनै पदार्थ वा साधन प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई कसैको जीउ ज्यान लिने, अङ्गभङ्ग गर्ने, घाइते तुल्याउने वा अन्य कुनै प्रकारको क्षति गर्ने धम्की दिई कुनै स्थान वा कुनै प्रकारको सवारी साधनमा कसैलाई जोरजुलुम गर्ने वा आतङ्कित गर्ने वा त्यस्तो स्थान र साधनबाट वा त्यस्तो साधनद्वारा यात्रा गरिरहेका कसैलाई त्यस्तो साधन सहित वा साधन रहित अपहरण गर्ने वा त्यस्तो कार्यद्वारा आतङ्कित तुल्याउने काम,

(घ) खण्ड (क), (ख) वा (ग) बमोजिमको उद्देश्यले कुनै प्रकारको हातहतियार वा बम वा विष्फोटक पदार्थ वा विषालु पदार्थ उत्पादन गर्ने, वितरण गर्ने, सञ्चय गर्ने, ओसार पसार वा निकासी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
9660

पैठारी गर्ने, बिक्री गर्ने, लिएर हिड्ने वा जडान गर्ने वा जानी जानी त्यस्तो कार्यमा सघाउ पुऱ्याउने काम,

(ङ) खण्ड (क), (ख), (ग) वा (घ) बमोजिमको उद्देश्यको निमित्त जबरजस्ती गरी नगदी वा जिन्सी उठाउने, सम्पत्ति लुटपिट गर्ने काम ।

८. आपराधिक लाभ (एक्सटर्सन) लिन नहुने : (१) कसैले आपराधिक लाभ लिन वा लिन लगाउन हुँदैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि कसैले नियतपूर्वक कुनै व्यक्तिलाई निजको वा अरु कसैको जीउ ज्यान वा सम्पत्तिमा कुनै क्षति पुऱ्याउने डर त्रासमा पारी निजबाट बेइमानीपूर्वक आफ्नो वा अरु कसैको लागि नगदी, जिन्सी वा अन्य कुनै लाभ उठाएमा वा त्यस्तो लाभ उठाउने नियतले कुनै काम गरे वा गराएमा वा निजलाई कुनै काम गर्नबाट रोकेमा आपराधिक लाभ लिएको मानिनेछ ।

९. सजाय : देहायको कसूर गर्नेलाई देहाय बमोजिम सजाय हुनेछ :-

(क) दफा ३ को उपदफा (३) को खण्ड (क) वा (ख) तथा उपदफा (४) बमोजिमको कसूर गर्नेलाई प्रचलित कानून बमोजिम हुने सजायको अतिरिक्त थप पचास प्रतिशत सजाय,

तर जन्मकैद वा सो भन्दा बढी सजाय हुने कसूरदारलाई थप सजाय हुने छैन ।

(ख) दफा ३ को उपदफा (४) बमोजिमको कसूर गर्नेलाई प्रचलित कानूनमा कुनै सजायको व्यवस्था भएको रहेनछ भने पाँच वर्षसम्म कैद वा पाँच लाख रुपैंयासम्म जरिवाना वा दुवै सजाय,



१६६१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) दफा ५ बमोजिमको कसूर गर्नेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना,

(घ) दफा ६ बमोजिमको कसूर गर्नेलाई तीन वर्षसम्म कैद र दुई लाख रुपैँयासम्म जरिवाना,

(ङ) दफा ७ बमोजिम कसूर गर्नेलाई देहाय बमोजिमको सजाय हुनेछ :-

(१) त्यस्तो कसूरबाट कसैको जीउ ज्यान गएको रहेछ भने त्यस्तो कसूर गर्ने, गराउने वा षडयन्त्र गर्ने मुख्य व्यक्ति र त्यस्तो कसूर गर्न अह्राउने व्यक्तिलाई जन्मकैद,

(२) त्यस्तो कसूर भइसकेको तर कसैको जीउ ज्यान गएको रहेनछ भने त्यस्तो कसूर गर्ने, गराउने वा षडयन्त्र गर्ने मुख्य व्यक्ति र त्यस्तो कसूर गर्न अह्राउने व्यक्तिलाई जन्मकैद,

(३) विध्वंसात्मक कार्यको कसूरको उद्योग गर्ने वा दुरुत्साहन दिने वा सो कसूर गर्न बाध्य गराउने वा सो गर्न गराउनको लागि एकभन्दा बढी व्यक्ति जम्मा गर्ने वा समूह खडा गर्ने वा त्यस्तो कार्य गर्न गराउन खटन पटन गर्ने वा त्यस्तो काममा जुनसुकै तवरले भाग लिने वा त्यस्तो कार्य गर्ने उद्देश्यले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग

हातहतियार, बम, विष्फोटक पदार्थ वा विषालु पदार्थ उत्पादन वा वितरण गर्ने वा राख्ने वा ओसार पसार वा आयात निर्यात गर्ने वा कुनै प्रकारले लिनु दिनु गर्ने वा प्रचार प्रसार गर्ने गराउने व्यक्तिलाई कसूरको मात्रा अनुसार तीन वर्षदेखि दश वर्षसम्म कैद,

(४) विध्वंसात्मक कार्यको कसूरको मतियारलाई सङ्गठित अपराध गर्ने व्यक्तिलाई हुने सजायको आधा सजाय।

(च) दफा ८ बमोजिमको कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिम सजाय हुनेछ :-

(१) आपराधिक लाभ लिने नियतले कसैको ज्यान लिने, अङ्गभङ्ग गर्ने वा गम्भीर चोट पुऱ्याउने डर वा त्रास देखाएमा सात वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिवाना,

(२) कसैको व्यवसायमा गैर कानूनी तरिकाले कुनै क्षति पुऱ्याउने वा चरित्रमा झुटो दोष लगाउने नियतले डर, त्रास देखाई आपराधिक लाभ लिएको भए चार वर्षसम्म कैद र चालीस हजार रुपैयाँसम्म जरिवाना,



96.63

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपखण्ड (१) वा (२) मा लेखिए बाहेक अन्य अवस्थामा आपराधिक लाभ लिएमा एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना ।

१०. क्षतिपूर्ति भराउनु पर्ने : (१) यस ऐन बमोजिमको कुनै कसूर गरी सरकारी, सार्वजनिक वा निजी सम्पत्तिको क्षति भएको रहेछ भने सो कसूर गर्ने वा गराउने व्यक्तिबाट क्षतिपूर्ति भराउनु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि मुद्दाको किनारा गर्दा अदालतले उपदफा (१) बमोजिम भराउनु पर्ने क्षतिपूर्तिको रकम समेत निर्धारण गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम क्षतिपूर्ति निर्धारण गर्दा सम्पत्तिमा पुगेको वास्तविक हानि वा नोक्सानीलाई आधार मानी गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम निर्धारण गरिएको क्षतिपूर्ति कसूरदारले भुक्तानी गर्नु पर्नेछ र नगरेमा निजको अंशभागमा पर्ने सम्पत्ति लिलाम गरी असुल उपर गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम असुल उपर हुन नसकेमा जरिवाना बापत प्रचलित कानून बमोजिम हुने अवधिसम्मको कैद हुनेछ ।

## परिच्छेद-४

## अनुसन्धान तथा अभियोजन सम्बन्धी व्यवस्था

११. अनुसन्धान गर्ने अधिकारी : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण र आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी बाहेकका सङ्गठित अपराधको अनुसन्धान कम्तीमा अधिकृतस्तरको प्रहरी कर्मचारीले गर्नेछ ।

१२. विशेष अनुसन्धान टोली गठन गर्न सक्ने : (१) दफा ११ मा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्गठित अपराधको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ। ९६६४

अनुसन्धान गर्नको लागि सम्बन्धित विषयको विशेषज्ञ संलग्न रहेको अनुसन्धान टोली गठन गर्न उपयुक्त हुने देखिएमा नेपाल सरकारले महान्यायाधिवक्ता र प्रहरी महानिरीक्षकसँग परामर्श गरी त्यस्तो टोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएको अनुसन्धान टोलीलाई यो ऐन वा प्रचलित कानून बमोजिम अनुसन्धान अधिकारीलाई भएको अधिकार हुनेछ ।

(३) उपदफा (१) बमोजिमको अनुसन्धान टोलीले अनुसन्धान पूरा गरेपछि अनुसन्धान प्रतिवेदन अनुसन्धान अधिकारीलाई बुझाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम दिइएको प्रतिवेदनको आधारमा अनुसन्धान अधिकारीले मुद्दाको अनुसन्धान गरी कारबाही गर्नु पर्नेछ ।

१३. विशेष अनुसन्धान पद्धति अपनाउन सकिने : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्गठित अपराधको अनुसन्धान गर्दा आवश्यकता अनुसार नियन्त्रित अनुसन्धान प्रविधि (कन्ट्रोल डेलीभरी) वा गुप्त कारबाही अनुसन्धान (अण्डर कभर अपरेशन) र यस्तै अन्य उपयुक्त अनुसन्धान पद्धति अपनाउन सकिनेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "नियन्त्रित अनुसन्धान प्रविधि" भन्नाले सङ्गठित अपराधको अनुसन्धान गर्न वा सङ्गठित अपराधमा संलग्न व्यक्तिको पहिचान गर्ने उद्देश्यले अनुसन्धान अधिकारीको जानकारी वा प्रत्यक्ष निगरानीमा अनुसन्धान अधिकारीको कार्यालयमा अभिलेख राखी कुनै गैरकानूनी वस्तु प्रयोग गर्ने वा त्यस्तो वस्तु एक ठाउँबाट अर्को ठाउँमा ढुवानी गर्ने वा ओसार पसार गर्ने प्रविधि सम्झनु पर्छ ।

(२) सङ्गठित अपराधको अनुसन्धान गर्नको लागि अनुसन्धान अधिकारीले आवश्यकता अनुसार सुराकी प्रयोग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको सुराकीको विवरण तोकिए बमोजिम गोप्य राख्नु पर्नेछ ।





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. हिरासतमा राख्न सकिने अवधि : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्गठित अपराधको अनुसन्धानको लागि त्यस्तो अपराधको आरोप लागेको व्यक्तिलाई अनुसन्धानको प्रगतिको आधारमा अदालतको अनुमति लिई पटक पटक गरी साठी दिनसम्म हिरासतमा राख्न सकिनेछ ।

१५. सम्पत्ति रोक्का राख्न सकिने : (१) सङ्गठित अपराध गरेको आरोप लागेको व्यक्तिले त्यस्तो अपराधबाट प्राप्त गरेको सम्पत्ति कसैलाई हस्तान्तरण गर्न वा बिक्री वितरण गर्न वा कुनै उपायले लुकाउन वा परिवर्तन गर्न सक्छ भनी विश्वास गर्नु पर्ने मनासिब कारण भएमा अनुसन्धान अधिकारीले त्यस्तो सम्पत्ति कसैलाई हस्तान्तरण गर्न, धितो वा बन्धक दिन वा बिक्री वितरण गर्नबाट रोक लगाउनको लागि सम्बन्धित निकाय वा संस्थालाई आदेश दिनको लागि अदालत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा अदालतले त्यस्तो सम्पत्ति कसैलाई हस्तान्तरण गर्न, धितो वा बन्धक दिन वा बिक्री वितरण गर्नबाट रोक लगाउने गरी सम्बन्धित निकाय वा संस्थालाई आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको आदेश प्राप्त भएपछि त्यस्तो निकाय वा संस्थाले त्यस्तो सम्पत्ति तुरुन्त रोक्का राखी सोको जनाउ अदालत र अनुसन्धान अधिकारीलाई दिनु पर्नेछ ।

१६. कारोबारको विवरण माग्न वा कारोबार वा खाता रोक्का राख्न सकिने : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्गठित अपराधको अनुसन्धानबाट सो अपराधको आरोप लागेको व्यक्ति वा निजको परिवारको कुनै सदस्य वा सो अपराधमा संलग्न भएको छ भनी विश्वास गर्नु पर्ने मनासिव कारण भएको कुनै व्यक्तिको कुनै बैङ्क वा वित्तीय संस्थामा कुनै कारोबार भएको वा खाता रहेको देखिएमा अनुसन्धान अधिकारीले त्यस्तो कारोबार वा खाताको विवरण माग गर्न वा त्यस्तो कारोबार वा अदालतको अनुमति लिई खाता रोक्का राख्न आदेश दिन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 1668

(२) उपदफा (१) बमोजिमको आदेश भएमा सम्बन्धित बैङ्क वा बित्तीय संस्थाले सो आदेश बमोजिमको विवरण उपलब्ध गराउन र कारोबार वा खाता रोक्का राख्नु पर्नेछ ।

१७. राहदानी रोक्का राख्न सकिने : (१) सङ्गठित अपराधको अनुसन्धानको सिलसिलामा सो अपराधको गम्भीरता, अपराध गर्दाको अवस्था, अपराधको मात्रा र सो अपराध ठहरेमा हुन सक्ने सजायलाई विचार गर्दा सो अपराधको आरोप लागेको व्यक्तिलाई राहदानी जारी नगर्न र निजका नाममा राहदानी जारी भइसकेको भए त्यस्तो राहदानी रोक्का गर्न आवश्यक देखिए अनुसन्धान अधिकारीले त्यस्तो व्यक्तिलाई राहदानी जारी नगर्न वा निजका नाममा राहदानी जारी भइसकेको भए राहदानी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउनेछ ।

(२) उपदफा (१) बमोजिम लेखी आएकोमा सम्बन्धित निकायले त्यस्तो व्यक्तिको नाममा राहदानी जारी गर्न हुँदैन र राहदानी जारी भइसकेको भए त्यस्तो राहदानी रोक्का राख्नु पर्नेछ ।

१८. टेलिफोन वा सञ्चारको विवरण माग गर्न सकिने : (१) कुनै व्यक्तिले सङ्गठित अपराध गर्ने सिलसिलामा कम्प्यूटर, टेलिफोन, मोबाइल फोन वा अन्य कुनै प्रकारको दूरसञ्चार माध्यमको प्रयोग गरेको वा विद्युतीय वा अन्य कुनै सञ्चार माध्यमबाट कुनै प्रकारको सूचना आदान प्रदान गरेको पाइएमा अनुसन्धान अधिकारीले अधिकारप्राप्त अधिकारीको अनुमति लिई त्यस्तो कम्प्यूटर, टेलिफोन, मोबाइल फोन वा दूरसञ्चार माध्यम वा सोबाट भएको दूरसञ्चार सम्बन्धी विवरण वा सूचना उपलब्ध गराई दिन सम्बन्धित अधिकारी, निकाय वा सेवा प्रदायकलाई आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश भएकोमा त्यस्तो अधिकारी, निकाय वा सेवा प्रदायकले त्यस्तो टेलिफोन, मोबाइल फोन वा दूरसञ्चार माध्यम वा सो बाट भएको सञ्चार सम्बन्धी विवरण वा सूचना उपलब्ध गराउनु पर्नेछ ।



9686 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९. सञ्चार माध्यम निष्कृय गर्न सकिने : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले सङ्गठित अपराध गर्ने सिलसिलामा टेलिफोन, मोबाइल फोन वा अन्य कुनै प्रकारको दूरसञ्चार माध्यमको प्रयोग गरिरहेको वा गर्न लागेको वा विद्युतीय वा अन्य कुनै सञ्चार माध्यमबाट कुनै प्रकारको सूचना आदान प्रदान गरिरहेको छ भनी विश्वास गर्नु पर्ने मनासिब कारण भएमा अनुसन्धान अधिकारीले अधिकारप्राप्त अधिकारीको अनुमति लिई त्यस्तो टेलिफोन, मोबाइल फोन वा सञ्चार माध्यम निष्कृय गर्न वा फोन वा सञ्चार सम्पर्क नहुने व्यवस्था गर्न सम्बन्धित निकाय, अधिकारी वा सेवा प्रदायकलाई आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश भएकोमा त्यस्तो अधिकारी, निकाय वा सेवा प्रदायकले त्यस्तो टेलिफोन, मोबाइल फोन वा सञ्चार निष्कृय गर्न वा सञ्चार सम्पर्क नहुने व्यवस्था गर्नु पर्नेछ ।

२०. प्रहरी कार्यालयमा पठाउनु पर्ने : (१) सङ्गठित अपराधका सम्बन्धमा प्रहरी कार्यालय बाहेक अन्य कुनै निकायमा कुनै उजूरी परेमा त्यस्तो निकायले भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण र आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी मुद्दाको उजूरी तथा कुनै प्रमाण संलग्न गरेको भए सो समेत संलग्न गरी सम्बन्धित निकायमा र अन्य उजूरीको हकमा सम्बन्धित प्रहरी कार्यालयमा तुरुन्त पठाउनु पर्नेछ ।

(२) प्रचलित कानून बमोजिम कसूर मानिने कुनै कार्यका सम्बन्धमा सो कसूर अनुसन्धान गर्न अधिकारप्राप्त निकाय वा अधिकारीबाट भएको अनुसन्धानबाट त्यस्तो कसूर सङ्गठित अपराध देखिन आएमा उजूरी, आरोप लागेको व्यक्ति र अनुसन्धानको सिलसिलामा तयार भएका कागजात तथा सङ्कलित प्रमाण सम्बन्धित प्रहरी कार्यालयमा तुरुन्त पठाउनु पर्नेछ ।

तर भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण र आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी मुद्दाको प्रचलित कानून



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

बमोजिम अनुसन्धान गर्ने निकाय वा अधिकारीले त्यस्तो मुद्दाको अनुसन्धान आफैं गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम उजूरी, आरोप लागेको व्यक्ति, कागजात वा प्रमाण प्राप्त हुन आएमा सम्बन्धित प्रहरी कार्यालयले अनुसन्धान गरी आवश्यक कारबाही गर्नु पर्नेछ ।

२१. सजायको माग दाबीमा छुट दिन सकिने : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्गठित अपराधको अभियोग लागेको कुनै अभियुक्तले आफूले गरेको अपराध स्वीकार गरी सो अपराधका सम्बन्धमा प्रमाण जुटाउन तथा अन्य अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न प्रहरी, सरकारी वकील वा अदालतलाई सघाउ पुऱ्याएमा र निजले पहिलो पटक सङ्गठित अपराध गरेको देखिएमा त्यस्तो सङ्गठित अपराधमा निजलाई हुने सजायमा पचहत्तर प्रतिशत सम्म छुट दिने गरी माग दावी लिई मुद्दा दायर गर्न सकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजले गरेको सहयोग अन्य सबुत प्रमाणबाट प्रमाणित नभएमा वा निजले प्रहरी वा सरकारी वकीललाई गरेको सहयोग प्रतिकूल हुने गरी अदालत समक्ष बयान दिएमा यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि निज उपर पुनः मुद्दा दायर गर्न सकिनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा यस दफा बमोजिम सजायको माग दाबीमा छुट दिन पाइने छैन :-

(क) मुख्य अभियुक्तलाई सजायको माग दाबी छुट दिन,

(ख) कुनै सङ्गठित अपराधमा कैद सजाय पाएकोमा कैद भुक्तान भएको तीन वर्ष पूरा नभएसम्म,

(ग) एकपटक सजाय छुटको सुविधा पाइसकेको भएमा ।



९६६९ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२. थप अभियोग लगाउन सकिने : कुनै व्यक्ति विरुद्ध सङ्गठित अपराधको मुद्दाको अभियोगपत्र दायर भइसके पछि सोही अपराधका सम्बन्धमा अन्य व्यक्तिका विरुद्ध मुद्दा दायर गर्न वा त्यसरी मुद्दा दायर भइसकेको अभियुक्त विरुद्ध सोही अपराधमा वा अन्य कुनै कसूरमा थप अभियोग लगाई अदालतमा अभियोगपत्र दायर गर्न सकिनेछ ।

## परिच्छेद-५

## सञ्चार अभिलेख सम्बन्धी विशेष व्यवस्था

२३. सञ्चार अभिलेख गर्न सकिने : सङ्गठित अपराधको अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकारी, प्रहरी उपरीक्षक वा सो भन्दा माथिको अधिकृतले कुनै व्यक्तिको सञ्चार यस परिच्छेद बमोजिम अभिलेख गर्न सक्नेछ ।

२४. अधिकारप्राप्त अधिकारी तोक्ने : यस परिच्छेद बमोजिम सञ्चार अभिलेख गर्न अनुमति दिने प्रयोजनको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नेपाल सरकारको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको कुनै अधिकृत वा कुनै निकायलाई अधिकारप्राप्त अधिकारी तोक्नेछ ।

२५. अनुमति लिनु पर्ने : (१) दफा २३ बमोजिम सञ्चार अभिलेख गर्नको लागि अधिकारप्राप्त अधिकारीको अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति लिनको लागि त्यस्तो अनुसन्धान अधिकारी, प्रहरी उपरीक्षक वा अधिकृतले देहायका विवरणहरु संलग्न गरी अधिकारप्राप्त अधिकारी समक्ष लिखित निवेदन दिनु पर्नेछ :-

(क) निवेदन दिने अधिकारीको नाम र पद,

(ख) सम्भव भएसम्म सङ्गठित अपराधको प्रकृति र त्यस्तो अपराध भइरहेको, भएको वा हुन सक्ने स्थान र त्यस्तो अपराधसँग सम्बन्धित अन्य विवरण,

(ग) अभिलेख गरिने सञ्चारको माध्यम र अभिलेख गरिने स्थान,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

९६८०

(५) अधिकारप्राप्त अधिकारीले उपदफा (४) बमोजिमको आदेश अस्वीकृत गरेमा सञ्चार अभिलेख सम्बन्धी कार्य तत्काल बन्द गर्न र त्यसरी अभिलेख भएको सम्पूर्ण सञ्चार सोही दिन तोकिए बमोजिम नष्ट गर्न त्यसरी सञ्चार अभिलेख गर्न आदेश दिने अधिकारी र सञ्चार सेवा प्रदायकलाई समेत आदेश दिनु पर्नेछ ।

२७. सम्पादन वा परिवर्तन गर्न नसकिने गरी अभिलेख गर्नु पर्ने : (१) यस परिच्छेद बमोजिम कुनै सञ्चार अभिलेख गर्दा त्यस्तो अभिलेख गरिएको सञ्चार सम्पादन नहुने, तोडमोड वा परिवर्तन गर्न नसकिने वा मेट्न (डिलिट) नसकिने गरी गर्नु पर्नेछ ।

(२) उपदफा (१) को प्रतिकूल हुने गरी अभिलेख गर्ने व्यक्तिले मतियार भई यस ऐन बमोजिम कसूर गरेको मानिनेछ ।

२८. विवरण पठाउनु पर्ने : (१) यस परिच्छेद बमोजिम अभिलेख गरिएको सञ्चार सम्बन्धी विवरण अभिलेख गर्ने अनुमति वा आदेश प्राप्त गरेको अधिकारीले दफा २५ बमोजिमको अभिलेखको हकमा प्रत्येक दुई महिनामा र दफा २६ बमोजिमको अभिलेखको हकमा प्रत्येक पन्ध्र दिनमा अधिकारप्राप्त अधिकारी समक्ष निजले तोकिदिए बमोजिम पेश गर्नु पर्नेछ ।

(२) यस परिच्छेद बमोजिम सञ्चार अभिलेख गर्ने अनुमति प्राप्त अधिकारीले सञ्चार अभिलेखको कार्य समाप्त भएको वा त्यस्तो अनुमतिको अवधि समाप्त भएको मितिमध्ये जुन पहिले हुन्छ सो मितिले पन्ध्र दिनभित्र त्यस्तो अभिलेख अधिकारप्राप्त अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको अभिलेख अधिकारप्राप्त अधिकारीले सिलबन्दी गरी सुरक्षित रुपमा राख्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको सिलबन्दी अभिलेख अदालतमा मुद्दा दायर गर्दाका बखत पेश गर्नु पर्नेछ र अदालतको आदेश बमोजिम सम्बन्धित अदालत वा प्रहरी कार्यालयमा राख्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।
९६८४

२९. पुनरावलोकन समिति : (१) सञ्चार अभिलेख कार्यको पुनरावलोकन गर्न देहाय बमोजिमको एक पुनरावलोकन समिति रहनेछ :-

(क) सचिव, गृह मन्त्रालय -अध्यक्ष

(ख) सहसचिव, कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालय -सदस्य

(ग) सहसचिव, सूचना तथा सञ्चार मन्त्रालय -सदस्य

(२) टेलिफोन, मोबाइल फोन वा अन्य कुनै सञ्चार माध्यम निष्कृय गर्न वा फोन वा सञ्चार माध्यम सम्पर्क नहुने व्यवस्था गर्न दफा १९ बमोजिम आदेश दिने वा सञ्चार अभिलेख गर्न दफा २५ बमोजिम अनुमति दिने वा दफा २६ बमोजिम आदेश दिने अधिकारीले सो अनुमति वा आदेश सम्बन्धी कागजात सहितको विवरण सम्भव भएसम्म त्यसरी आदेश दिएकै दिन र सो सम्भव नभए पर्सीपल्ट सम्ममा पुनरावलोकन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको पुनरावलोकन समितिले उपदफा (२) बमोजिम विवरण प्राप्त भएको तीन दिन भित्र त्यसरी दिइएको अनुमति वा आदेशको पुनरावलोकन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम पुनरावलोकन गर्दा सङ्गठित अपराधको अनुसन्धानको लागि त्यस्तो अनुमति वा आदेश आवश्यक नदेखिएमा उपदफा (१) बमोजिमको पुनरावलोकन समितिले त्यस्तो अनुमति वा आदेश रद्द गर्नेछ ।

(५) उपदफा (१) बमोजिमको पुनरावलोकन समितिले उपदफा (४) बमोजिम सञ्चार अभिलेख अनुमति वा आदेश रद्द गरेमा सञ्चार अभिलेख सम्बन्धी कार्य तत्काल बन्द गर्न र अभिलिखित सञ्चार सोही दिन तोकिए बमोजिम नष्ट गर्न वा टेलिफोन, मोबाइल फोन वा अन्य कुनै सञ्चार माध्यम निष्कृय गर्न वा फोन वा सञ्चार सम्पर्क नहुने व्यवस्था गरेकोमा त्यस्तो फोन, मोबाइल फोन वा अन्य सञ्चार माध्यमलाई सक्रिय पार्न त्यसरी अनुमति वा आदेश दिने अधिकारीलाई आदेश दिनेछ ।





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) उपदफा (१) बमोजिमको पुनरावलोकन समितिले आफ्नो काम कारबाहीको विवरण नियमित रुपमा नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

३०. गोप्य रहने : यस परिच्छेद बमोजिम अभिलिखित सञ्चार सम्बन्धी विवरण सङ्गठित अपराधको मुद्दाको कारबाहीको लागि बाहेक अन्य प्रयोजनका लागि गोप्य रहनेछ ।

३१. प्रतिवेदन पेश गर्नु पर्ने : (१) नेपाल सरकारले यस परिच्छेद बमोजिम गरिएको सञ्चार अभिलेख कार्यको वार्षिक प्रतिवेदन तयार गरी प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीस दिन भित्र व्यवस्थापिका-संसद् समक्ष पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराका अतिरिक्त देहायका विषय सम्बन्धी विवरण समावेश भएको हुनु पर्नेछ:-

(क) सञ्चार अभिलेख गर्नको लागि अधिकारप्राप्त अधिकारी समक्ष परेको निवेदनको संख्या,

(ख) सञ्चार अभिलेख गर्न अनुमति दिइएको र नदिइएको संख्या,

(ग) तत्काल सञ्चार अभिलेख गर्न दिइएको आदेशको संख्या र स्वीकृत वा अस्वीकृत आदेशको संख्या,

(घ) अभिलिखित सञ्चारको आधारमा चलाइएको मुद्दाको संख्या तथा सञ्चार अभिलेखबाट प्राप्त प्रमाणका आधारमा ठहर भएको मुद्दाको संख्या,

(ङ) अन्य आवश्यक कुरा ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफामा उल्लिखित विवरण मध्ये कुनै विवरण खुलाउँदा नेपालको सुरक्षा वा सङ्गठित अपराधको रोकथाम र निवारण गर्ने कार्यमा प्रतिकूल असर पर्न सक्ने मनासिब आधार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ ।

१६८६

भएमा त्यसको कारण खुलाई नेपाल सरकारले त्यस्तो विवरण नखुलाई यस दफा बमोजिम प्रतिवेदन पेश गर्न सक्नेछ।

परिच्छेद-६

प्रमाण सम्बन्धी विशेष व्यवस्था

३२. यस ऐनको व्यवस्था लागु हुने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्गठित अपराधको मुद्दामा प्रमाणको सम्बन्धमा यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

३३. श्रव्यदृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत उपस्थित गराउन सकिने : (१) सङ्गठित अपराधको मुद्दाको अभियुक्तलाई सुरक्षाको दृष्टिकोणले अदालतमा उपस्थित गराउन नसकिने भएमा श्रव्यदृश्य संवाद मार्फत उपस्थित गराउन सकिनेछ।

(२) उपदफा (१) बमोजिमको अवस्था भएमा अनुसन्धान अधिकारी वा प्रहरी कार्यालयले सोको कारण खुलाई अदालत समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन परेमा अदालतले अभियुक्तको अवस्था, अभियुक्त रहेको स्थान र अन्य आवश्यक कुरालाई विचार गरी श्रव्यदृश्य संवाद मार्फत अदालतमा उपस्थित गराउन आदेश दिन सक्नेछ र त्यसरी आदेश दिँदा अनुसन्धान अधिकारी वा प्रहरीले पालना गर्नु पर्ने शर्त समेत तोकिदिन सक्नेछ।

३४. श्रव्यदृश्य संवाद वा डोर मार्फत बुझ्न सकिने : सङ्गठित अपराधको मुद्दाका सुराकी, उजूरीकर्ता वा कुनै साक्षीलाई बुझ्नु परेमा अदालतले श्रव्यदृश्य संवाद वा डोर मार्फत बुझ्न वा अभियुक्तले नदेख्ने गरी निजको बकपत्र गराउन वा निजको स्वर यान्त्रिक वा अन्य तरिकाबाट परिवर्तन वा रुपान्तरण गरी बुझ्न वा अदालत बाहेक अन्य कुनै स्थानमा साक्षी प्रमाण बुझ्न सक्नेछ।

३५. काल्पनिक वा साङ्केतिक नामबाट बयान वा बकपत्र गराउन सकिने : (१) सङ्गठित अपराधको मुद्दाको सुराकी, उजूरीकर्ता वा



9656

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

साक्षीले आफ्नो नाम उल्लेख नगरी वा काल्पनिक वा सांकेतिक नामबाट बयान वा बकपत्र गर्न चाहेमा अदालतले त्यस्तो व्यक्तिको वास्तविक नाम नखुलाई साङ्केतिक वा काल्पनिक नामबाट बयान वा बकपत्र गरी दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बयान वा बकपत्र भएकोमा मुद्दाको सम्बन्धित मिसिल, आदेश वा फैसलामा सोही नाम उल्लेख गर्नु पर्नेछ ।

३६. जिरह सम्बन्धी विशेष व्यवस्था : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्गठित अपराधको मुद्दाका सुराकी, उजूरीकर्ता वा कुनै साक्षीलाई अभियुक्तले कुनै प्रकारको जिरह वा प्रश्न गर्न सक्ने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो सुराकी, उजूरीकर्ता वा कुनै साक्षीलाई जिरह गर्न सक्ने गरी अदालतले आदेश दिएमा अभियुक्तको कानून व्यवसायीले श्रव्यदृश्य संवाद मार्फत वा अभियुक्तले निजलाई नदेख्ने वा निजको पहिचान गर्न नसक्ने, नदेख्ने र सुराकी, उजुरीकर्ता वा कुनै साक्षीले व्यक्त गरेको कुरा नसुन्ने गरी जिरह गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम जिरह गर्ने कानून व्यवसायीले त्यस्तो सुराकी, उजूरीकर्ता वा साक्षीको नाम, थर, वतन लगायत परिचयात्मक विवरण र चिन्ह त्यस्तो अभियुक्त लगायत कसैलाई पनि कुनै पनि रुपमा प्रकट गर्नु हुँदैन ।

(४) उपदफा (२) बमोजिम कानून व्यवसायीले गरेको जिरह अभियुक्तबाट नै भए गरेको मानिनेछ ।

(५) उपदफा (२) बमोजिम जिरह गर्ने कानून व्यवसायीले जिरह गर्नु अघि जिरह गरिने व्यक्तिको नाम, थर र वतन वा निजको तीनपुस्ते विवरण लगायतका कुनै पनि परिचयात्मक विवरण वा चिन्ह कुनै पनि प्रकारले अभियुक्त वा अन्य कसैलाई प्रकट नगर्ने गरी लिखितरुपमा अदालतले तोकेको ढाँचामा न्यायाधीश समक्ष शपथ लिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ ।

(६) उपदफा (५) बमोजिमको शपथ नलिइकन त्यस्तो कानून व्यवसायीले सुराकी, उजूरीकर्ता वा कुनै साक्षीलाई सोधपुछ र जिरह गर्न सक्ने छैन ।

(७) यस दफा बमोजिम जिरहको कार्यमा संलग्न कर्मचारीले पनि उपदफा (५) बमोजिमको विवरण अन्य कसैलाई प्रकट नगर्ने गरी लिखित रुपमा न्यायाधीश समक्ष शपथ लिनु पर्नेछ ।

३७. सङ्गठित अपराध गरी सम्पत्ति आर्जन गरेको मानिने : सङ्गठित अपराधको मुद्दा चलाइएको व्यक्तिको आयस्रोत वा आर्थिक अवस्थाको तुलनामा निजको सम्पत्ति अस्वाभाविक देखिन आएमा वा निजले अस्वाभाविक उच्च जीवनस्तर यापन गरेमा वा आफ्नो हैसियतभन्दा बढी कसैलाई दान, दातव्य, उपहार, सापटी, चन्दा वा बकस दिएको प्रमाणित भएमा निजले त्यस्तो सम्पत्ति के कस्तो स्रोतबाट आर्जन गरेको हो भन्ने कुरा प्रमाणित गर्नु पर्नेछ र त्यसरी प्रमाणित गर्न नसकेमा त्यस्तो सम्पत्ति सङ्गठित अपराध गरी प्राप्त गरेको मानिनेछ ।

३८. फिरौती लिएको अनुमान गर्न सक्ने : सङ्गठित अपराधको अभियुक्तले कसैलाई अपहरण गरी वा नगरी वा शरीर बन्धक बनाई वा नबनाई कसैबाट फिरौती माग गरी पत्राचार गरेको वा टेलिफोन, मोबाइल फोन वा अन्य कुनै सञ्चारका माध्यमबाट डर, त्रास देखाएको वा धम्की दिएकोमा अन्यथा प्रमाणित भएकोमा बाहेक निजले फिरौती लिएको भनी अदालतले अनुमान गर्न सक्नेछ ।

३९. प्रमाण सम्बन्धी विशेष व्यवस्था : (१) सङ्गठित अपराध सम्बन्धी मुद्दामा विदेशी मुलुकको अदालत वा सो मुलुकको आधिकारीक निकायबाट सङ्कलन गरिएको वा परीक्षण गरिएको सबुत प्रमाणलाई अदालतले प्रमाणमा लिन सक्नेछ ।

(२) सुराकी, अभियुक्त वा साक्षीको आफ्नै स्वरमा रहेको र सम्पादन, तोडमोड वा परिवर्तन गर्न नसकिने गरी रेकर्ड गरिएको कुनै सामग्री वा फोटोलाई समेत अदालतले प्रमाणको रुपमा ग्रहण गर्न सक्नेछ ।



१८८९ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-७

## मुद्दा हेर्ने अधिकारी, सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

४०. मुद्दा हेर्ने अदालत : भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण र आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी मुद्दाको कारबाही र किनारा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अदालतलाई र अन्य सङ्गठित अपराध सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ ।

४१. थुनामा राखी पुर्पक्ष गर्न सकिने : सङ्गठित अपराधको मुद्दाको अभियुक्तले प्रमाण लोप वा नष्ट गर्न सक्ने वा त्यस्तो अभियुक्त फरार हुन सक्ने मनासिब कारण भएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतले त्यस्तो अभियुक्तलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने आदेश दिन सक्नेछ ।

४२. बन्द इजलासमा कारबाही तथा सुनुवाई गर्न सक्ने : (१) कुनै खास किसिमको सङ्गठित अपराध सम्बन्धी मुद्दाको कारबाही तथा सुनुवाई बन्द इजलासबाट हुन निवेदन परी वा अदालत आफैंले उपयुक्त ठानी आदेश दिएमा त्यस्तो मुद्दाको कारबाही तथा सुनुवाई बन्द इजलासमा हुनेछ ।

(२) उपदफा (१) बमोजिम बन्द इजलासमा मुद्दाको कारबाही तथा सुनुवाई हुँदा मुद्दाका पक्ष, विपक्ष, निजहरुका कानून व्यवसायी र अदालतले अनुमति दिएका व्यक्ति मात्र त्यस्तो इजलासमा प्रवेश गर्न सक्नेछन् ।

४३. गैरकानूनी सञ्चार अभिलेख गर्नेलाई हुने सजाय : कसैले यस ऐन विपरीत सञ्चार अभिलेख गरेमा निजलाई तीन वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

४४. विवरण सार्वजनिक गर्नेलाई सजाय : कसैले दफा ५३ विपरीत सुराकी, उजूरीकर्ता वा साक्षीको विवरण वा अभिलेख सार्वजनिक गरेमा निजलाई पाँच वर्षसम्म कैद र पाँच लाख रुपैयाँसम्म जरिवाना हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ ।

४५. कारोबार वा खाता रोक्का नराख्ने वा विवरण उपलब्ध नगराउनेलाई सजाय : (१) दफा १६ बमोजिम कारोबार वा खाता रोक्का राख्न गरिएको अनुरोध बमोजिम कारोबार वा खाता रोक्का नराख्ने बैङ्क वा वित्तीय संस्थाको प्रमुखलाई एक वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(२) दफा १८ बमोजिमको विवरण उपलब्ध नगराउने वा दफा १९ बमोजिम सञ्चार माध्यम निष्क्रिय नगर्ने सञ्चार सेवा प्रदायक वा सञ्चालकलाई एक वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

४६. राष्ट्रसेवकलाई हुने सजाय : सङ्गठित अपराधको अनुसन्धान वा पुर्पक्षको सिलसिलामा अदालत वा आफूभन्दा माथिल्लो अधिकारीको आदेश पालना नगर्ने राष्ट्रसेवकले दफा ३ को उपदफा (४) बमोजिमको कसूर गरेको मानिनेछ र त्यस्तो राष्ट्रसेवकलाई दफा ९ को खण्ड (क) बमोजिम सजाय हुनेछ ।

तर प्रचलित कानूनमा सजायको व्यवस्था भएको रहेनछ भने त्यस्तो राष्ट्रसेवकलाई दफा ९ को खण्ड (ख) बमोजिम सजाय हुनेछ ।

४७. प्रमाण लुकाउनेलाई हुने सजाय : सङ्गठित अपराधको आरोप वा अभियोग लागेको व्यक्ति वा अन्य कुनै व्यक्तिले सो अपराधसँग सम्बन्धित कुनै प्रमाण, लिखत वा अन्य कागजात जानी जानी वा बदनियतपूर्वक लोप गरे गराएमा वा नष्ट गरे गराएमा निजलाई तीन महिनादेखि तीन वर्षसम्म कैद र एक लाख रुपैँयासम्म जरिवाना हुनेछ ।

४८. बाधा विरोध गर्नेलाई सजाय : कसैले सङ्गठित अपराधको अनुसन्धान सम्बन्धी काम कारवाहीमा बाधा विरोध गरेमा निजलाई तीन महिनासम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

४९. सङ्गठित संस्थालाई हुने सजाय : (१) प्रचलित कानून बमोजिम स्थापित कुनै सङ्गठित संस्थाले यस ऐन बमोजिमको कसूर गरेकोमा त्यस्तो कसूर गर्ने संस्थाको सम्बन्धित कर्मचारी वा पदाधिकारी जिम्मेवार हुनेछ र त्यस्तो कर्मचारी वा पदाधिकारी





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पहिचान हुन नसकेमा अपराध हुँदाको बखत सो संस्थाको प्रमुख भई दैनिक कामकाज गर्ने पदाधिकारी जिम्मेवार हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्गठित संस्थाले सङ्गठित हैसियतमा निर्णय गरी यस ऐन बमोजिमको कसूर गरेको रहेछ भने त्यस्तो संस्थालाई देहायको कुनै वा सबै सजाय हुनेछ :-

(क) बिगो बमोजिम वा पन्ध्र लाख रुपैयाँमध्ये जुन बढी हुन्छ सो बमोजिम जरिवाना,

(ख) अवधि तोकी त्यस्तो संस्थालाई सार्वजनिक खरिदमा निषेध गर्ने,

(ग) अवधि तोकी त्यस्तो संस्थाको उत्पादन वा सेवाको खरिद गर्न रोक लगाउने,

(घ) हानि नोक्सानीको क्षतिपूर्ति भराउने,

(ङ) संस्थाको इजाजतपत्र खारेज गर्ने,

(च) संस्थाको विघटन गर्ने ।

५०. परिचयात्मक विवरण प्रकट गर्नेलाई सजाय : दफा ३६ को उपदफा (३) बमोजिम प्रकट गर्न नहुने विवरण प्रकट गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद र पाँच लाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

५१. जफत हुने : (१) सङ्गठित अपराध गर्न प्रयोग भएको जुनसुकै उपकरण, वस्तु वा साधन जोसुकै व्यक्तिसँग रहेको भए पनि जफत हुनेछ ।

(२) सङ्गठित अपराध गरी प्राप्त गरेको सम्पत्ति कानूनी रुपमा प्राप्त गरेको सम्पत्तिमा मिसाइएको रहेछ भने त्यस्तो मिश्रित सम्पत्तिबाट सो सम्पत्ति छुट्टयाउन सकिने रहेछ भने छुट्टयाई जफत गरिनेछ र छुट्टयाउन नसकिने रहेछ भने त्यस्तो सम्पत्तिलाई रकममा रुपान्तरण गरी जफत गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

## परिच्छेद-८

## विविध

५२. फरार रहेको व्यक्तिको सम्बन्धमा विशेष व्यवस्था : (१) सङ्गठित अपराध गर्ने कुनै व्यक्ति पक्राउ हुन नसकेको वा फरार रहेकोमा त्यस्तो व्यक्तिको नाममा पक्राउ पूर्जी जारी भएको तीस दिनको भोलिपल्ट देखि निज अदालतमा उपस्थित नभएसम्म देहायका कुरामा देहाय बमोजिम हुनेछ :-

(क) त्यस्तो व्यक्ति नेपाल सरकार, संवैधानिक निकाय वा कुनै सरकारी कार्यालय, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको सङ्गठित संस्था, स्थानीय निकाय, शैक्षिक वा प्राज्ञिक संस्था वा अन्य कुनै सार्वजनिक संस्थाको बहालवाला पदाधिकारी वा कर्मचारी भए निज आफ्नो पदबाट स्वतः निलम्बन भएको मानिनेछ,

(ख) त्यस्तो व्यक्तिको नाममा रहेको सम्पत्ति रोक्का राखिनेछ,

(ग) त्यस्तो व्यक्तिलाई प्रचलित कानून बमोजिम नागरिकताको प्रमाणपत्र, राहदानी वा जग्गाधनी प्रमाणपूर्जा आदि प्राप्त गर्नबाट रोक लगाइएको मानिनेछ,

(घ) त्यस्तो व्यक्ति नेपाल बाहिर रहे बसेको जानकारी प्राप्त हुन आएमा वा नेपाल सरकार पक्ष रहेको सन्धि वा प्रचलित कानून बमोजिम सपुर्दगी गर्न सकिने अवस्था रहेछ भने सो सम्बन्धी कारबाही र त्यस्तो अवस्था नभएमा कसूरको गम्भीरता हेरी निजलाई



9654 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पक्राउ गर्न कूटनैतिक माध्यम मार्फत सम्बन्धित मुलुक वा सम्बद्ध अन्तर्राष्ट्रिय संस्थालाई अनुरोध गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको व्यवस्थालाई प्रभावकारी बनाउन अदालतले सम्बन्धित अधिकारी वा निकायलाई सोको सूचना दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सूचना प्राप्त भएमा सम्बन्धित अधिकारी वा निकायले सोही बमोजिम गरी सोको जानकारी अदालतलाई दिनु पर्नेछ ।

५३. सुराकी, उजूरीकर्ता तथा साक्षीको संरक्षण सम्बन्धी व्यवस्था : (१) सङ्गठित अपराधको सुराकी गर्ने, उजूरी गर्ने वा सूचना दिने व्यक्तिले आफनो परिचय गोप्य राखिदिन अनुरोध गरेमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित निकायले निजको नाम, ठेगाना लगायत निजको परिचयात्मक विवरण गोप्य राख्नु पर्नेछ ।

(२) सङ्गठित अपराधको मुद्दामा साक्षी रहेको कुनै व्यक्तिलाई अदालत समक्ष उपस्थित हुन वा अदालतमा बकपत्र गरिसके पछि आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको सुरक्षामा खतरा रहेको छ भन्ने लागेमा निजले सोको कारण खुलाई आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको सुरक्षाको प्रबन्ध गरिदिन अदालत वा प्रहरी समक्ष निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अदालतमा निवेदन परेको भए अदालतले त्यस्तो साक्षीको सुरक्षाको प्रबन्ध गर्न सम्बन्धित निकायलाई आदेश दिन सक्नेछ र प्रहरीमा निवेदन परेको भए सम्बन्धित प्रहरी कार्यालयले त्यस्तो व्यक्ति वा निजको परिवारको सदस्यलाई सुरक्षा उपलब्ध गराउनु पर्नेछ ।

(४) यस दफा बमोजिम उजूरीकर्ता, साक्षी वा निजको परिवारका सदस्यहरुको संरक्षणको लागि त्यस्ता व्यक्तिको नाम, थर, वतन लगायतका परिचयात्मक विवरणलाई कुनै काल्पनिक वा साङ्केतिक नाम दिई राख्नु पर्नेछ र अदालतले उपयुक्त



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ५४

ठहऱ्याएको विवरण तथा मुद्दा सम्बन्धी अभिलेखहरु गोप्य राख्ने वा मुद्दा मामिला सम्बन्धी अभिलेखबाट साक्षीको विवरण बाहेकको अंश मात्र सार्वजनिक गर्ने गरी आदेश दिन सक्नेछ ।

(५) यस दफा बमोजिम उजूरीकर्ता वा साक्षी वा तिनको परिवारका सदस्यहरुको संरक्षणको लागि अदालतले उपयुक्त ठहऱ्याएका विवरण तथा मुद्दा सम्बन्धी अभिलेखहरु गोप्य राख्ने वा मुद्दा मामिला सम्बन्धी अभिलेखबाट साक्षीको विवरण बाहेकको अंश वा भाग मात्र सार्वजनिक गर्ने गरी आदेश दिन सक्नेछ ।

(६) यस दफा बमोजिम सुराकी, उजूरीकर्ता वा साक्षी संरक्षण गर्ने सम्बन्धमा अपनाइएको कुनै विषयका सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन पाइने छैन ।

५४. दोभाषे वा अनुवादक राख्न सक्ने : सङ्गठित अपराधको मुद्दाको काम कारबाहीमा प्रयोग हुने भाषा अभियुक्तले नबुझ्ने भएमा अदालतको अनुमति लिई निजले दोभाषे वा अनुवादक राख्न सक्नेछ ।

५५. कानूनी सहायता उपलब्ध गराउने : सङ्गठित अपराधको मुद्दाको अभियुक्त कानून व्यवसायी नियुक्त गर्न असमर्थ भएमा अदालतले निजको लागि वैतनिक कानून व्यवसायी उपलब्ध गराउनु पर्नेछ ।

५६. छुट्टै कानून व्यवसायी राख्न सक्ने : सङ्गठित अपराधको मुद्दाको पुर्पक्षको सिलसिलामा सो अपराधबाट पीडित व्यक्तिले छुट्टै कानून व्यवसायी मार्फत आफनो प्रतिनिधित्व गराउन चाहेमा निजले त्यस्तो कानून व्यवसायी राख्न सक्नेछ ।

५७. मुद्दा परिणत गर्न सक्ने : (१) सङ्गठित अपराध मानी दायर गरिएको कुनै मुद्दामा प्रमाण बुझ्दै जाँदा त्यस्तो मुद्दा यस ऐन बमोजिम कारबाही र किनारा हुनु पर्ने नदेखिएमा प्रचलित कानूनमा जुनसुकै व्यवस्था भए तापनि अदालतले त्यस्तो मुद्दालाई प्रचलित कानून बमोजिमको मुद्दामा परिणत गरी फैसला गर्न सक्नेछ ।



१०५४ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम मुद्दा परिणत गरी फैसला गरेकोमा सरकारी वकीललाई सत्तरी दिनको पुनरावेदनको म्याद दिनु पर्नेछ ।

५८. हदम्याद नलाग्ने : सङ्गठित अपराधको मुद्दा चलाउन हदम्याद लाग्ने छैन ।

५९. सरकारवादी हुने : सङ्गठित अपराधको मुद्दा सरकारवादी हुनेछ र भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण र आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी मुद्दा बाहेक अन्य मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

६०. पुरस्कार प्रदान गरिने : (१) सङ्गठित अपराध मानिने कुनै कार्य कसैले गरेको वा गर्न लागेको छ भन्ने सूचना दिई त्यस्ता अपराध गर्ने वा गराउने व्यक्तिलाई पक्राउ गर्न वा अनुसन्धानको कार्यमा सहयोग पुऱ्याउने व्यक्तिलाई त्यस्तो अपराध गर्ने व्यक्तिलाई भएको जरिवानाको बीस प्रतिशत बराबरको रकम पुरस्कार प्रदान गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सूचना दिने व्यक्ति एक जनाभन्दा बढी भएमा निजहरुलाई त्यस्तो रकम दामासाहीको दरले दिइनेछ ।

६१. असल नियतले गरेकोमा बचाउ : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि असल नियतले प्रचलित कानून बमोजिम आफ्नो पदीय कर्तब्य पालना गर्दा यस ऐन बमोजिम सङ्गठित अपराध मानिने कुनै कार्य हुन गएकोमा त्यस्तो कार्य गरे बापत कुनै सरकारी अधिकारीलाई यस ऐन बमोजिम मुद्दा चलाइने वा अन्य कुनै प्रकारको सजाय गरिने छैन ।

६२. नियम बनाउने अधिकार : यस ऐनको कार्यान्वयनको लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

आज्ञाले,
**भेषराज शर्मा**
नेपाल सरकारको सचिव

**प्रमाणीकरण मिति : २०७०।१२।१२**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।